# मधेश प्रदेश सरकार

## सीप विकास तालिम संचालन कार्यविधि,२०८१

### श्रम तथा यातायात मन्त्रालय

जनकपुरधाम,धनुषा, मधेश प्रदेश

मिति: २०८१/११/६ गतेको मा. मन्त्रीस्तरीय निर्णयबाट स्वीकृत

मधेश प्रदेश सरकार
श्रम तथा यातायात मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल

# सीप विकास तालिम संचालन कार्यविधि,२०८१

मन्त्री

**प्रस्तावना:** श्रम तथा यातायात मन्त्रालय,जनकपुरधाम बाट संचालन हुने सीपमूलक तालिम कार्यक्रमलाई प्रभावकारी,मितव्ययी र गुणस्तरीय बनाउन स्पष्ट कार्यविधिहरू तय गर्नु वाञ्छनीय भएकोले कार्यक्रमलाई प्रभावकारी रूपमा संचालन गर्न मधेश प्रदेश विनियोजन ऐन, २०८१ को दफा ९ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरि प्रदेश सरकारले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:**(१) यस कार्यविधिको नाम "सीप विकास तालिम संचालन कार्यविधि,२०८१ " रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) **"मन्त्रालय"** भन्नाले श्रम तथा यातायात मन्त्रालय (मधेश प्रदेश)लाई जनाउँदछ ।

(ख) **"केन्द्र"** भन्नाले रोजगार सुचना केन्द्र, जनकपुरधाम लाई जनाउँदछ।

(ग) **"तालुक निकाय"** भन्नाले जनकपुरधाम स्थित रहेको मन्त्रालयलाई जनाउँदछ।

(घ)**"लक्षित समूह"** भन्नाले विपन्न महिला, दलित, अपाङ्ग,द्वन्द पिडित व्यक्ति वा परिवार र सीप नभएका विपन्न युवा समेतलाई जनाउँदछ।

## परिच्छेद - २
## तालिम आवश्यकताको पहिचान

३. **तालिम कार्यक्रमहरुको तर्जुमा:**(१) स्थानीय तथा बाह्य श्रम बजारको माग तथा तत्काल स्वरोजगारका अवसर भएका तालिमको विषयहरूलाई कार्यक्रमको रूपमा तर्जुमा गरिनेछ ।

(२) तालिम कार्यक्रम तर्जुमा गर्न श्रम बजारको माग विश्लेषण, अन्वेषण तथा अध्ययनका लागि समय समयमा विशेषज्ञहरूको सेवा तथा संस्थागत अध्ययनहरुको उपयोग समेत गरिनेछ।

४. **तालिमको अध्ययन तथा सर्वेक्षण:**(१) स्थानीयस्तर बाट माग भइ आएका कार्यक्रमका सम्बन्धमा कार्यक्रमको आवश्यकता,सम्भाव्यता तथा उद्योग स्थापना तथा रोजगारीका संभावना, स्वरोजगारी तथा

मधेश प्रदेश सरकार
श्रम तथा यातायात मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल



सुरेन्द्र पौडेल

मन्त्री

वैदेशिक रोजगारीको हिसावले उपयुक्त भए नभएको केन्द्रले आवश्यक अध्ययन/सर्वेक्षण गरी सूचना संकलन गर्नेछ।

(२) तालिम आवश्यकता अध्ययन गर्दा समेटिनु पर्ने विषयहरू
(क) स्थानीय परम्परागत सीपको प्रवर्द्धन एवं प्रयोग,
(ख) उद्योग व्यवसायको वर्तमान स्थिति
(ग) स्वेदेशी र वैदेशिक श्रम बजारको माग र रोजगारीको सम्भावना,
(घ) स्थानीय कच्चा पदार्थहरूको उपलब्धता,
(ङ) उत्पादित वस्तु तथा सेवाको बजार
(च) स्वरोजगारीको सम्भावना

(३) तालिम आवश्यकता पहिचान प्रक्रिया:-

(क) प्रदेश सभा, प्रदेश सरकार अन्तर्गतका विभिन्न मन्त्रालय, निकाय,रोजगार सूचना केन्द्र,वित्तिय संस्थाहरू, स्थानीय तहहरू, नेपाल घरेलु तथा साना उद्योग महासंघ, नेपाल उद्योग वाणिज्य महासंघ, राष्ट्रिय तथा केन्द्रिय सहकारी संघहरू, बैंक, गैहसरकारी संस्थाहरू, वैदेशिक रोजगार व्यवसायि लगायत स्थानीय रोजगारदाता र व्यक्ति विशेषबाट माग एवं सिफारिस भएका तालिमका विषयहरूको लगत राख्नु पर्नेछ।

(ख) दफा (३) को (क) मा उल्लेखित निकायहरू वा व्यक्ति विशेषबाट सिफारिस वा माग प्राप्त नभएको अवस्थामा अध्ययन वा सर्वेक्षणबाट संकलित सूचनामा आधारित विनियोजित बजेट समेतलाई दृष्टिगत गरी तालिम का विषय छनौट गर्नु पर्नेछ।

(ग) स्थलगत अध्ययन गर्दा अनुसूची-१ र अनुसूची-२ का फारमहरू प्रयोग गर्नुपर्नेछ।

(घ) आर्थिक वर्षको चौमासिक विभाजन अनुसार निर्धारित तालिम कार्यक्रम सम्पन्न गर्नु पर्ने भएकोले अध्ययनलाई क्रमबद्ध गर्नुपर्नेछ र माग गर्नेहरू मध्ये आफै उद्योग व्यवसाय संचालन गर्ने वा स्वरोजगार तथा रोजगारीमा जाने व्यक्तिहरूको पहिचान गरी तालिमको प्राथमिकता तय गर्नुपर्नेछ।

(४) तालिम पहिचान अध्ययन प्रतिवेदनमा निम्न अनुसारका कुराहरू समावेश भएको हुनु पर्नेछ।

(क) तालिम माग गर्ने व्यक्तिहरूको बसोवास रहेको स्थान सहितको परिचय र विभिन्न तहका सरकारहरुबाट यस पूर्व कुनै किसिमको तालिम लिए नलिएको।

(ख) तालिम विषयको माग र आवश्यकता विवरण।

(ग) स्थानीय कच्चा पदार्थको उपलब्धता, सम्भाव्यता र उपयोगको विवरण ।

सुरेन्द्र पौडेल
सचिव

मन्त्री

(घ) संचालित उद्योगहरूको संख्या र जनशक्ति मागको अवस्था ।

(ङ) सम्भावित बजारको माग, दुरी, आकार, उपभोक्ताको स्तर र बैकल्पिक बजार व्यवस्था।

(च) विगतमा सो स्थानमा कुनै तालिम संचालन भएको भए सोको विवरण र समन्वयको अवस्था।

(छ) निष्कर्ष एवम् सुझाव (तालिम नतिजा उन्मुख हुने नहुने आधार सहितको अवस्था प्रतिवेदनमा खुलाउनु पर्नेछ।

## परिच्छेद - ३
## सीप विकास तालिमको प्रकार

५. **तालिमको प्रकार:** मन्त्रालयबाट स्थानीय माग, आवश्यकता तथा बजार संभाव्यता लाई ध्यानमा राखि निम्नानुसार तालिम कार्यक्रम संचालन गरिनेछ :

(१) आधारभूत सीपमुलक तालिम:

(क) प्रशिक्षार्थी छनौट समितिबाट छनौट भएका प्रशिक्षार्थीहरू लाई मन्त्रालय वा स्थानीय तहको प्रत्यक्ष व्यवस्थापनमा प्रशिक्षकको पारिश्रमिक, प्रशिक्षार्थी भत्ता, कच्चापदार्थ लगायत अन्य तालिम सामग्रीको व्यवस्था समेत गरी संचालन गरिने तालिम लाई आधारभूत सीपमूलक तालिम भनिन्छ ।

(ख) वार्षिक स्वीकृत तालिम कार्यक्रम अनुसार प्रत्येक ६/६ महिनामा तालिमको विषय, संख्या आवश्यक योग्यता, छनौट प्रक्रिया आदि विषय खुलाई आवेदनको लागि सार्वजनिक सूचना मार्फत दरखास्त आव्हान गरी दरखास्त लिई प्रशिक्षार्थी छनौट समितिबाट छनौट भएका प्रशिक्षार्थीहरूलाई यस प्रकारको तालिम प्रदान गरिनेछ।

(ग) सैद्धान्तिक विषयका साथ साथै बढि भन्दा बढि प्रयोगात्मक विधिबाट सीप सिकाई,सीपयुक्त जनशक्ति उत्पादन गर्न यसको उद्देश्य रहेको छ।

(२) सहभागीतामूलक सीप विकास तालिम:

(क) सीप तथा उद्यमशीलता विकास तालिम संचालन गर्ने उद्देश्य भई अनुभव बटुलेका, आवश्यक भौतिक पूर्वाधार रहेका, तालिम पश्चात प्रशिक्षार्थी अनुगमन एवं कर्जा प्रवाहमा योगदान गर्न सक्ने सरकारी, स्थानीय निकाय, सहकारी तथा तालिम प्रदायक कम्पनी वा फर्मबाट रितपूर्वकको प्रस्ताव सहित संयुक्त रूपमा तालिम संचालन गर्न माग भइ आएमा

३।२।८५

मन्त्री

तालिमको प्रभावकारिता, स्वीकृत कार्यक्रम तथा स्थापनाको संभाबना हेरी लागत सहभागिता (cost sharing) को आधारमा संचालन गरिने तालिम सहभागीतामूलक तालिम हो ।

(ख) मन्त्रालयबाट आफनै व्यवस्थापन तथा खर्चबाट माग एवं आवश्यक देखिएका सबै तालिम कार्यक्रम संचालन गर्न संभव नभएको तथा अन्य अनुभवि निकाय संग मिली संयुक्त रूपमा खर्च व्यहोर्ने गरी (cost sharing) तालिम संचालन गर्दा थप प्रभावकारी हुने अवस्था देखिएमा यस प्रकारको तालिम संचालन गर्न सकिनेछ।

(ग) स्वीकृत कार्यक्रमको परिधिभित्र रही सम्बन्धित संस्थासंग सम्झौता गरी विभिन्न प्रकारको तालिम संचालन गरिनेछ।

(घ) संघ संस्था वा समूहबाट लागत समेत व्यहोर्ने गरी सीप विकास तालिमको लागि अनुरोध गरेमा दफा (५) को उपदफा (८) अनुसार गर्नुपर्नेछ। सहभागीतामूलक तालिम संचालन को लागि गरिने प्रस्ताव तथा सम्झौता ढाँचा अनुसूची-३ अनुसारको हुनेछ ।

**(३) सीप अभिवृद्धि तालिम:**

(क) सम्बन्धित विषयमा आधारभुत तालिम प्राप्त गरी वा परम्परागत सीप अनुसारको व्यवसाय संचालन गरिरहेको तर सीप अनुसार व्यवसाय गर्न सोही विषयमा थप तालिमको आवश्यक देखिएमा निर्धारित पाठ्यक्रम अनुसार सीप अभिवृद्धि तालिम संचालन गरिनेछ।

(ख) सीप अभिवृद्धि तालिमको विषय निर्धारण गर्दा तालिम आवश्यकता पहिचान समेतलाई आधार लिनुपर्नेछ।

**(४) बैदेशिक रोजगार र अन्य स्वरोजगार सम्बन्धी विशेष सीप विकास तालिम**

(क) कुनै खास वर्ग, समुदाय, क्षेत्र, पेशामा रहेका व्यक्तिलाई लक्षित गरी सैद्धान्तिक ज्ञानको न्यून प्रयोग तथा व्यवहारिक प्रविधि र सीपको लागि प्रयोगात्मक बिधिबाट सीप सीकाई दिने तालिम लाई विशेष सीप विकास तालिम भनिन्छ। यस्तो तालिम अल्पकालिन, मध्यमकालिन र लामो अवधिको हुनेछ ।

(ख) तालिम आवश्यकता पहिचानका आधारमा तालिम लिने समूहको पहिचान र प्रशिक्षार्थी छनौट गरी उद्यमशीलता विकास तालिम दिइने, उक्त तालिम पश्चात माग र आवश्यकता, संभाव्यता, कच्चा पदार्थ, सीप/प्रविधि उपलब्धताको आधारमा उपयुक्त व्यवसायको पहिचान र छनौट गरी सोही विषयमा सीप विकास तालिम प्रदान गरिने, तालिम पश्चात तालिम का सहभागीहरूलाई आवश्यकता अनुसार व्यवसायिक परामर्श दिई सफल उद्यमीको रूपमा

मन्त्री

स्थापित गर्ने तथा स्वदेशी र बैदेशिक रोजगारीमा जान इच्छुक युवाहरूलाई श्रम बजारको माग अनुरूप सीप प्रदान गरी सीपयुक्त जनशक्ति उत्पादन गर्ने उदेश्य राखि यस्ता तालिम हरू प्याकेजमा संचालन गरिनेछ।

(ग) बैदेशिक रोजगारीबाट फर्केका वा बैदेशिक रोजगारीमा नगएका व्यक्तिहरु स्वदेशमै स्वरोजगारीका लागि अभिप्रेरित गर्न समेत तालिम कार्यक्रमहरू संचालन गरिनेछ।

(५) उद्यमशीलता विकास तालिमः

(क) व्यावसायिक तथा प्राविधिक सीप भएका दक्ष श्रमिकहरूलाई लक्षित गरी स्वदेशमै स्वरोजगारमूलक व्यवसाय संचालन गर्न उद्यमशीलता सम्वन्धी तालिमहरु मन्त्रालय मार्फत संचालन गरिनेछ।

(ख) उद्यमशिलता सम्बन्धी तालिम स्वीकृत पाठ्यक्रम बमोजिम मात्र संचालन गरिनेछ।

(ग) केन्द्रबाट मध्यम र लामो अवधिको तालिम लिने प्रशिक्षार्थीहरूलाई तालिमको अन्त्यमा न्यूनतम पाँच (५) कार्य दिनको उद्यमशीलता विकास तालिम दिइसकेपछि मात्र सीप विकास तालिम प्रमाणपत्र दिइनेछ।

(घ) उद्यमशिलता सम्बन्धी तालिमहरू स्वीकृत बजेटको परिधिभित्र रही लक्षित समूहका व्यक्तिहरूलाई निःशुल्क र अन्यको हकमा शुल्क समेत लिई संचालन गर्न सकिनेछ।

(६) महिला आवासिय तालिमः

(क) स्वीकृत कार्यक्रम तथा बजेटको अधिनमा रहि लक्षित समुहका महिलाहरूको लागि आवासिय तालिम संचालन गर्न सकिनेछ।

(ख) यस बमोजिमको तालिम बाट विपन्न तथा असहाय महिलाहरूमा आर्थिक उपार्जन गर्न सक्ने क्षमताको विकास गरी आत्मनिर्भर बनाउने लक्ष्य लिई कार्यक्रम संचालन गरिनेछ।

(ग) लक्षित समुदायका महिलाहरूलाई दिइने यस प्रकारको आवासिय तालिम अवधिमा स्वीकृत नर्म अनुसारको खाना सहितको आवासिय सुविधा सम्वन्धित केन्द्रले प्रदान गर्नेछ ।

(७) समयको आधारमा तालिमको वर्गीकरणः

(क) एक महिना भन्दा कम अवधिको तालिम छोटो/अल्पकालीन हुनेछ।

(ख) एक महिना देखि तीन महिना सम्मको मध्यम अवधिको तालिम हुनेछ।

(ग) तीन महिना देखि माथिको लामो अवधिको तालिम हुनेछ।

(घ) आधारभूत र नियमित तालिम, विशेष सीप विकास तालिम, आवासिय तालिम सामान्यतया मध्यम र लामो अवधिको हुनेछ तर उद्यमशीलता विकास तालिम छोटो अवधिको हुनेछ।

(ङ) तालिमको अवधि स्वीकृत पाठ्यक्रममा निर्धारण गरे अनुसार हुनेछ।

## परिच्छेद - ४
## तालिमको विषय निर्धारण

६. **तालिमको विषय छनौट:** (१) मन्त्रालय वा केन्द्रले तालिमको प्रभावकारिता अभिवृद्धि हुने गरी तालिमको उपयुक्त विषय (Trade) छनौट गर्नु पर्नेछ।

(२) स्वीकृत बार्षिक कार्यक्रम अनुसार कुन कुन तालिम कति जनालाई कहाँ र कुन तरिकाबाट दिने हो सोको विषयवस्तु तालिम संचालन हुने स्थानीय तह वा तालिम संचालन गर्ने सेवा प्रदायक संग कार्ययोजना सहित केन्द्रले तालुक निकायमा प्रस्तुत गर्नुपर्नेछ।

(३) स्वीकृत बार्षिक कार्यक्रम अनुसारको बजेट प्राप्त हुना साथ तालिम कार्यक्रमको स्वीकृत संख्या अनुसार कार्ययोजनाको आधारमा चालु आ.व. भरीमा संचालन गरिने तालिम का विषयहरूको छनौट गरी सूची तयार गर्नु पर्नेछ।

(४) यसरी तालिमको विषय छनौट गर्दा निम्न आधारहरूलाई ध्यान दिनुपर्ने छ:-

(क) स्थानीय स्तरमा संचालित लघु, घरेलु तथा साना उद्योग/व्यवसाय स्थापना तथा प्रबन्धमा सघाउ पुर्याउने विषयहरू।

(ख) स्थानीय स्तरमा उपलब्ध कच्चा पदार्थको व्यावसायिक उपयोग हुने विषयहरू।

(ग) तालिमको बजार माग अध्ययनबाट सिफारिस गरिएका संभाव्य विषयहरू।

(घ) स्थानीय माग, आवश्यकता हेरी स्थानीय निकायबाट सिफारिस गरिएका संभाव्य विषयहरू।

(ङ) स्वदेशी तथा वैदेशिक रोजगारीको दृष्टिकोणले उपयोगी देखिएका विषयहरू।

(च) रोजगारी प्राप्ति तथा स्वरोजगारी सिर्जना गर्न संभाव्य देखिएका बजारमुखि विषयहरू।

मन्त्री

सुरेन्द्र पौडेल
प्रदेश सचिव

मन्त्री

(छ) स्थापना (Placement) गर्न सकिने आधार सहित स्थानीय तह वा सरकारी तथा अन्य निकायहरूबाट माग एवं सिफारिस भएका विषयहरू।

(ज) निर्यात प्रवर्द्धन तथा आयात प्रतिस्थापन गर्ने सघाउ पुर्याउने विषयहरू।

(झ) केन्द्रबाट संचालन गरिने तालिमका विषय अनुसूची-४ मा उल्लेख भए बमोजिम हुनेछ।

(ञ) जुन स्थानमा तालिम संचालन गरिने हो सो स्थानमा अन्य कुनै सरकारी तथा सरकारी स्वामित्वका निकायहरूबाट सोही विषयमा तालिम प्रदान नगरिने निश्चित भएका विषयहरू।

## परिच्छेद - ५

## पाठ्यक्रम सम्बन्धी व्यवस्था

७. **पाठ्यक्रमः**(१) सबै सीपमुलक तथा उद्यमशीलता विकास तालिम निर्धारित एवं स्वीकृत पाठ्यक्रम अनुसार संचालन हुनेछन्।

(२) पाठ्यक्रम तयार भइ नसकेको कुनै नयाँ विषय (Trade) मा तालिम दिनुपर्ने देखिएमा यस अघि तयार गरिएको वा उपलब्ध पाठ्यक्रमलाई आधार मानी नयाँ पाठ्यक्रम तयार गरी तालुक निकायबाट स्वीकृत गराएर तालिम संचालन गर्नु पर्नेछ।

८. **पाठ्यक्रम (Curriculum) निर्माण र स्वीकृतिः**(१) सीपमूलक तालिम हरूको पाठ्यक्रम निर्माण र परिमार्जन गरी लागू गर्ने काम केन्द्रको हुनेछ।

(२) निर्माण र परिमार्जन गर्ने पाठ्यक्रम देहाय बमोजिमको प्राविधिक समितिको निर्णयले निर्धारण गरिनेछः

| | |
|---|---|
| क. श्रम तथा यातायात मन्त्रालयको उप-सचिव | संयोजक |
| ख. श्रम तथा यातायात मन्त्रालयको अधिकृत प्रतिनिधि | सदस्य |
| ग. सम्बन्धित विषयको विज्ञ प्रतिनिधि (स्वतन्त्र) | सदस्य |
| घ. CTEVT को प्रतिनिधि | सदस्य |
| ङ. सम्बन्धित विषयको प्रशिक्षक | सदस्य |
| च. प्रदेश उद्योग बाणिज्य संघको प्रतिनिधि | सदस्य |
| छ. श्रमिकहरूको संयुक्त ट्रेड युनियनको प्रतिनिधि | सदस्य |
| ज. केन्द्रको शाखा अधिकृत | सदस्य सचिव |

(३) पाठ्यक्रमको गहनता र जटिलता हेरी थप १ जना सम्बन्धित विषयको विज्ञ समेत संयोजकले आमन्त्रित गर्न सक्नेछ।

मधेश प्रदेश सरकार
श्रम तथा यातायात मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल



सुरेन्द्र पौडेल
सचिव

(४) केन्द्रले पाठ्यक्रमको मस्यौदा शाखा मार्फत आफै तयार गर्नुपर्नेछ। कुनै पाठ्यक्रम नयाँ निर्माण गर्दा वा भइरहेकोलाई परिमार्जन गर्दा सम्बन्धित संस्थाको राय सुझाव वा अन्य निकायको सोही प्रकृतिको पाठ्यक्रम समेतको आधारमा गर्नुपर्नेछ। पाठ्यक्रम परिमार्जन आवश्यकता अनुसार गर्नुपर्नेछ।

(५) कुनै विषयको पाठ्यक्रमको मस्यौदा तयार गर्ने जनशक्ति केन्द्रमा नभएमा सार्वजनिक खरिद ऐन तथा नियमावली र प्रचलित कानूनको प्रक्रिया अनुसार परामर्श सेवा लिई तयार गर्न सकिने छ।

(६) केन्द्रमा कुनै विषयको पाठ्यक्रम तयार नभएको तर बजार माग अनुसार कुनै विषयका तालिम संचालन गर्नु पर्ने अवस्थामा बाह्य निकायबाट संचालन गराउने तालिमको हकमा त्यस्ता निकायबाट पाठयोजना सहितको पाठ्यक्रम र पाठ्य विषयवस्तु माग गर्न प्राविधिक समितिले सिफारिस गरेमा सो पाठ्यक्रमको आधारमा तालिम संचालनको स्वीकृत दिन सकिने छ।

९. **पाठ्यक्रममा समावेश हुनुपर्ने विषयहरू:** (१)पाठ्यक्रमको निर्माण गर्दा देहायका विषयमा ध्यान पुर्याइ ति कुराहरू समावेश गर्नुपर्नेछ:

(क) पाठ्यक्रमको उद्देश्य, लक्ष्य, संरचना, प्रशिक्षकको योग्यता र अनुभव,प्रशिक्षार्थीहरूको समूहमा हुने न्यूनतम संख्या, योग्यता र अनुभव, तालिम अवधि, प्रशिक्षण कार्यमा आवश्यक पर्ने मेशिन औजार तथा सामाग्रीहरू, अन्य आवश्यक कच्चा (चालु प्रकृतिका) सामग्री र तिनको परिमाण ।

(ख) सैद्धान्तिक जानकारी (पाठ शीर्षक, पाठय विषयवस्तु, तिनको क्षेत्र र क्रम, दिनुपर्ने आवश्यक ज्ञान, प्रशिक्षण विधि, क्रियाकलाप र सो पाठ शीर्षकको लागि लाग्ने समयावधि) ।

(ग) व्यवहारिक तथा प्रयोगात्मक सीप (कार्यहरूको पाठय विषयवस्तु, तिनको क्षेत्र र क्रम, कार्य चरण, आवश्यक दक्षता र सिक्नु पर्ने विषय, ज्ञान, विशेष ध्यान दिनुपर्ने विषय, प्रशिक्षण विधि क्रियाकलाप तथा सो पाठ्य सूचीको लागि लाग्ने समय अवधि) ।

(घ) आन्तरिक मूल्याङ्कन पद्धती (सैद्धान्तिक र व्यवहारिक) तथा लामो र मध्यमकालीन तालिमको सीप परीक्षण सम्बन्धी बाह्य मूल्याङ्कन व्यवस्था।

(ङ)यस्ता विषयमा सरकारी निकायले अवलम्बन गरेको पद्दति र सफल तालिम प्रदायक संस्थाहरूको कार्यपद्दति ।

प्रदेश सरकार
श्रम तथा यातायात मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल

सुरेन्द्र पौडेल
प्रदेश सचिव

## परिच्छेद - ६
## प्रशिक्षार्थी छनौट तथा प्रशिक्षण विधि

मन्त्री

१०. **प्रशिक्षार्थी संख्या निर्धारण र समूह निर्माणः** (१)उपलब्ध श्रोत साधन, मेशिन औजार, कच्चापदार्थ, लक्षित समुह, प्रशिक्षक उपलब्धता तालिमको व्यवस्थापनमा सहजता आदि पक्षलाई हेरी प्रशिक्षार्थी संख्या निर्धारण गर्नुपर्नेछ।

(२) सामान्यतया प्राविधिक विषयमा प्रशिक्षार्थी र प्राविधिक (प्रशिक्षक) को संख्या २०:१ रहने गरी तालिमको समुह निर्माण गरिनेछ। अन्य बिषयमा २० देखि माथि उपयुक्त संख्यामा प्रशिक्षार्थी रहने गरी समुह निर्माण गरेर तालिम संचालन गर्न बाधा पर्ने छैन।

११. **प्रशिक्षार्थीमा हुनुपर्ने आवश्यक योग्यता:**(१) आधारभूत तालिमको हकमा १८ बर्ष उमेर पुरा भई ४० बर्ष उमेर ननाघेको नेपाली नागरिक। उमेरको हद एकल महिला, अपाङ्ग, वैदेशिक रोजगारीबाट फिर्ता आएको व्यक्तिहरु, जनआन्दोलन, मधेश आन्दोलनका घाइते,अपाङ्ग,सहिद परिवार र द्वन्द पिडित व्यक्तिको हकमा ५० बर्ष ननाघेको।

(२) एडभान्स तालिमको हकमा उमेरको हद ५० बर्ष ननाघेको।

(३) आवश्यक शैक्षिक योग्यताः पाठयक्रममा तोकिए बमोजिम हुने गरी कम्तिमा ८ कक्षादेखि १२ कक्षा उतिर्ण। तर परम्परागत सीप जस्तै मस्यौरा, गुन्द्रुक, तिलौरी, फुलौरी, दुना टपरी निर्माण जस्ता बिषय, सिलाई बुनाइ, केश कर्तन, शिशु स्याहार, घर निर्माण,काठ, बास तथा धातुमा आधारित सामाग्रीको निर्माण, प्रशोधन तथा प्याकेजिङ जस्ता प्रशिक्षणका लागि साधारण लेखपढ गर्ने व्यक्तिलाई तालिममा सहभागि गराउन सकिने छ।

१२. **छनौट प्रक्रियाः** मन्त्रालयको स्वीकृत कार्यक्रमबाट संचालन हुने तालिममा सहभागिता गराउन तालिम सम्बन्धि बिषयको बिस्तृत बिवरण सहित कम्तिमा १५ दिन अघि सार्वजनिक सूचना प्रकाशन गरी इच्छुक प्रशिक्षार्थीहरूलाई निबेदनका लागि सुचित गरिनेछ। यस्तो सूचना मन्त्रालयको वेवसाइटमा समेत प्रकाशित गरिनेछ। निबेदन अनुसूची ५ बमोजिमको ढाँचामा पेश गर्नु पर्नेछ । छनौटका आधारहरू अनुसुची-६ अनुसार छनौट समितिले प्रशिक्षार्थि छनौट गर्नेछ।

१३. **प्रशिक्षार्थी छनौट समितिः**

**(अ) मन्त्रालयले तालिम प्रदायक संगको सम्झौता अन्तर्गत तालिम संचालन भएको हकमाः**

| | |
|---|---|
| १. मन्त्रालयको उप सचिव वा रोजगार सुचना केन्द्र प्रमुख | संयोजक |
| २. सम्बन्धित पालिकाको प्रतिनिधी (स्थान विशेष तालिको हकमा) | सदस्य |
| ३.सम्बन्धित नगर उद्योग वाणिज्य संघको प्रतिनिधि | सदस्य |
| ४. सम्बन्धित तालिम प्रदायकको प्रतिनिधी | सदस्य सचिव |

मन्त्री

(आ) स्थानीय तहसंगको सहकार्यमा मन्त्रालयको स्वीकृत बजेट अनुसारको तालिमको हकमाः

| | |
|---|---|
| १. मन्त्रालयको उप सचिव वा केन्द्रको प्रमुख | संयोजक |
| २. श्रम रोजगार हेर्ने अधिकृत वा रोजगार सेवा केन्द्रको प्रतिनिधि | सदस्य |
| ३. सम्बन्धित गाउँ/नगर उद्योग वाणिज्य संघको प्रतिनिधि | सदस्य |
| ४. तालिम संचालन हुने वडाको वडा अध्यक्ष | सदस्य |
| ५. तालिम प्रदायक संस्थाको प्रतिनिधी | सदस्य सचिव |

**(इ)प्रशिक्षण विधि तथा कार्यतालिकाः**(१) तालिम प्रदायक कम्पनी वा फर्मले तालिम संचालन हुने स्थल, मेशिन औजार तथा प्रशिक्षक आदि व्यवस्था गरी तालिम संचालन गर्नु भन्दा नजिकको निजि वा सार्वजनिक प्रशिक्षण केन्द्र वा मर्मत कार्यशाला (Workshop) मा प्रशिक्षार्थी पठाई कार्यगत (on- the- job) रूपमा तालिम संचालन गर्दा बढि प्रभावकारी हुने देखिएमा त्यस्ता प्रशिक्षण केन्द्र वा मर्मत कार्यशाला (Workshop) सँग सम्झौता गरी तालिम संचालन गर्न सकिनेछ।

(२) स्वीकृत पाठ्यक्रम अनुसार सीपमूलक तालिम कार्यक्रममा निम्न विधि प्रयोग गरी तालिम संचालन हुनेछः

(क) तालिमको विषयवस्तु सम्बन्धी सैद्धान्तिक ज्ञानको लागि व्याख्यान विधि।

(ख) तालिमको विषयवस्तुको व्यवहारिक ज्ञानको लागि प्रयोगात्मक विधि ।

(ग) अवलोकन ।

(घ) उद्यम व्यवसाय प्रति आकर्षित गर्ने, उद्यम व्यवसायको महत्व बारे जानकारी दिन, सफल उधम संचालन गर्न आवश्यक पर्ने बजार, विक्रयकला, लेखापालन, बजारीकरण रणनीति आदि बारेमा जानकारी दिन उद्यमशीलता विकास सम्बन्धी ज्ञान ।

(३) तालिममा छनौट भइ सहभागी भएका प्रशिक्षार्थी न्युनतम नव्वे प्रतिशत (९०%)रूजु हाजिर भएको हुनुपर्नेछ। सो अनुसार हाजिर नपुग्ने प्रशिक्षार्थीलाई तालिम वाट हटाइनेछ। यसरी हटेका प्रशिक्षार्थीहरूले खाजा खर्च तथा तालिम सम्पन्न गरेको प्रमाणपत्र पाउने छैनन्।

(४) सबै सीपमूलक तालिमको समय दैनिक कम्तिमा छ (६) घण्टा र साप्ताहिक ३४ घण्टाको हुनेछ। तर उद्यमशीलता विकास तालिमको हकमा सो तालिमको लागि स्वीकृत पाठ्यक्रम र कार्यविधि अनुसार हुनेछ ।

(५) तालिम संचालन गर्ने प्रशिक्षकले मासिक कार्यतालिका (पाठयोजना) बनाई प्रशिक्षार्थीलाई अग्रिम जानकारी गराउनु पर्नेछ। सोको जानकारी अनुगमन गर्ने पदाधिकारी र निकायलाई पनि दिनुपर्नेछ।

सुरेन्द्र पौडेल
प्रदेश सचिव

मन्त्री

(६) सार्वजनिक बिदा बाहेक अन्य दिनमा कुनै खास आकस्मिक कारण परी तालिम संचालन हुन नसकेमा सोको सट्टा अर्को दिन संचालन गर्नुपर्नेछ।

(७) सामान्यतया तालिम दिउँसो सञ्चालन गरिनेछ। तर आवश्यकता अनुसार तालिमको प्रकृति हेरी उपयुक्त देखिएमा सम्वन्धित सबैसंग समन्वय गरी अन्य समयमा पनि तालिम संचालन गर्न सकिनेछ।

(८) लामो अवधिको तालिममा कम्तिमा पाँच (५) दिन (१५ शेसन) उद्यमशीलता विकास सम्बन्धी कक्षा संचालन गरिनेछ। यसरी दिइने उद्यमशीलता विकास तालिमको विषय (Topic) निर्धारित पाठ्यक्रम अनुसार हुनेछ। त्यसै गरी प्रशिक्षार्थीहरूलाई एक (१) पटक सम्वन्धित सफल उद्यमीसंग साक्षात्कार गराइनेछ।

(९) तालिमको विषय हेरी लामो अवधिको तालिम का प्रशिक्षार्थीहरूलाई तालिम अवधि मै एक पटक स्थानीय बजार/उद्योग अवलोकन गराउन सकिनेछ।

(१०) तालिमको अन्तिम चरणमा तालिमको विषय हेरी लिखित वा प्रयोगात्मक वा दुवै परीक्षा लिएर तालिमको गुणस्तर मूल्याङ्कन गरिनेछ। प्रशिक्षकले सो मूल्याङ्कन गरी प्रतिवेदन सहित पेश गर्नुपर्नेछ।

(११) प्रत्येक तालिम सम्पन्न भएपछि सोको प्रतिवेदन तयार गरिनेछ। आर्थिक वर्षको अन्तमा मन्त्रालयमा समग्र तालिम कार्यक्रमको एकमुष्ठ प्रतिवेदन तयार गरी पठाउनु पर्नेछ । प्रतिवेदनको ढाँचा अनुसूची-७ बमोजिमको हुनेछ।

(१२) तालिम सम्पन्न भएपछि सहभागी प्रशिक्षार्थीहरूलाई अनुसूची-८ अनुसारको ढाँचामा तालिम प्रमाणपत्र दिइनेछ।

(१३) विशेष सीप विकास तालिम मध्यम र लामो अवधिको तालिम सम्पन्न भएपछि प्रशिक्षार्थीलाई तालिम प्रदायकले सम्बद्ध निकायहरूसंग समन्वय गरी सीप परीक्षणको व्यवस्था मिलाउनु पर्नेछ।

(१४) कुनै तालिम मन्त्रालय वा केन्द्र स्वंम संचालन गर्नु भन्दा बाह्य सरकारी तथा निजी तालिम प्रदायक संस्थाबाट संचालन गर्दा प्रभावकारी हुने भएमा सार्वजनिक खरिद ऐन तथा नियमावली तथा प्रचलित कानूनले तोकेको प्रक्रिया अनुसार गर्नुपर्नेछ।

प्रदेश सचिव

इरि।८५ मन्त्री

## परिच्छेद – ७

## तालिममा उत्पादित समानहरूको व्यवस्थापन तथा मूल्याङ्कन

१४. **तालिम बाट उत्पादित सामानको व्यवस्थापन:**(१) तालिम कार्यक्रम अन्तर्गत उत्पादित सामानहरूको छुट्टै जिन्सी खाता राखी आम्दानी,बिक्री परिमाण र बिक्रीबाट प्राप्त रकम राजश्व दाखिला गरेको अभिलेख देखिने गरी जिन्सी व्यवस्थापनको प्रक्रिया अनुसार दाखिला गर्नुपर्ने छ ।

(२) तालिमको क्रममा उत्पादित सामानहरु को मूल्याङ्कन एवं बिक्री मूल्य निर्धारण गरी बिक्री गरी प्राप्त रकम नेपाल सरकारको सम्वन्धित राजश्व खातामा दाखिला गर्नुपर्नेछ ।सामानको मूल्याङ्कन गर्दा अनुसूची -९ बमोजिमको फाराम अनुसार गर्नु पर्नेछ।

(३) उत्पादित सामानहरुको मूल्याङ्कन गर्नको लागि निम्नानुसार को एक मूल्याङ्कन समिति रहने छ ।

**(क) उत्पादित सामानहरुको मूल्याङ्कन समिति :**

**(अ) मन्त्रालय स्तरमा :**

| | |
|---|---|
| (१) मन्त्रालयको उप सचिव | संयोजक |
| (२) आर्थिक प्रशासन शाखा | सदस्य |
| (३) तालिम प्रदायक | सदस्य सचिव |

**(आ) स्थानीय तह वा नगर स्तरमा:**

| | |
|---|---|
| (१) मन्त्रालयको अधिकृत प्रतिनिधि | संयोजक |
| (२) स्थानीय तहको श्रम तथा रोजगार हेर्ने अधिकृत | सदस्य |
| (३) तालिम प्रदायक | सदस्य सचिव |

१५. **तालिम बाट उत्पादित समानको मूल्याङ्कन प्रक्रिया:**(१) तालिम संचालन क्रममा प्रशिक्षार्थीबाट उत्पादित सामानको गुणस्तर राम्रो हुन नसक्ने भइ लागतको आधारमा मुल्याङ्कित रकम (परलमोल) मा बिक्री हुन नसक्ने देखिएमा सोको पुष्टयाई सहित मूल्याङ्कन समितिले ठहर गरे बमोजिम परल मूल्यको मूल्य सम्ममा बिक्री मूल्य कायम गर्न सकिनेछ।

(२) मूल्याङ्कन गर्दा बस्तु उत्पादन गर्न खरिद भएको कच्चा मालको खर्चलाई मात्र आधार मानिनेछ।

(३) तालिम बाट उत्पादित तुरुन्त बिग्रन सक्ने बस्तुको मूल्याङ्कन (costing) गरी तत्काल लगत कट्टा गर्ने।

(४) तालिम बाट उत्पादित अन्य सामानहरू उपदफा (३) बमोजिम सुरू परलमोलमा पचास प्रतिशत (५०%) मूल्य घटाउँदा पनि बिक्री वितरण हुन नसकेमा तालिम प्रदायकलाई भुक्तानी दिनु पर्ने रकममा मूल्याङ्कन अनुसारको रकम घटाएर भुक्तानी दिने ।

मन्त्री

(५) उपदफा (४) अनुसारको प्रक्रियाबाट उत्पादित सामानहरू सेवा प्रदायकले लगत कट्टा गरी भुक्तानी लिन अस्वीकार गरेमा खुला सेलबाट भएको बिक्रि आम्दानीलाई मान्य गरी बाँकी परल मुल्य लाई मिनाहा सम्बन्धी कारबाहीका लागि प्रक्रिया गर्ने ।

## परिच्छेद - ८

## प्रशिक्षकको योग्यता तथा पारिश्रमिक र सुविधा

१६. प्रशिक्षकको व्यवस्था र योग्यता :

(१) सामान्यतया २० जना प्रशिक्षार्थीको लागि एकजना प्रशिक्षक हुनेछ। अर्थात प्रशिक्षार्थी र प्रशिक्षकको अनुपात २०:१ हुनेछ ।

(२) सामान्यतयाः प्रशिक्षकको व्यवस्था तालिम प्रदायक संस्थाले देहाय अनुसार गर्नेछः तालिम संचालन गर्ने गराउन देहाय अनुसारको योग्यता भएका स्थानीय बजारमा उपलब्ध विभिन्न विषयका योग्य एवं दक्ष प्रशिक्षकहरू आवश्यकता अनुसार खटाउन सक्नेछ।

| सि.न. | शैक्षिक योग्यता वा तालिम वा अनुभव | सेवा शुल्क |
|---|---|---|
| १. | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक वा कुनै विषयमा स्नातक गरी स्वीकृत प्राप्त संस्थाबाट सम्बन्धित विषयमा १ वर्षको तालिम प्राप्त वा कुनै विषयमा स्नातक गरी सम्बन्धित कामको २ वर्षको अनुभव भई सम्बन्धित सीपमा दुई तहको सीप परीक्षण पास भएको । | नेपाल सरकारको राजपत्र अनंकित प्रथम श्रेणिको सुरुको तलब स्केल |
| २. | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा प्रमाण पत्र वा कुनै विषयमा प्रमाणपत्र तह उतिर्ण गरी स्वीकृत प्राप्त संस्थाबाट सम्बन्धित विषयमा १ वर्षको तालिम प्राप्त वा प्रमाणपत्र तह उत्तीर्ण गरी सम्बन्धित कामको १ वर्षको अनुभव भई सम्बन्धित सीपमा एक तहको सीप परीक्षण पास भएको। | नेपाल सरकारको राजपत्र अनंकित प्रथम श्रेणिको सुरुको तलब स्केल |
| ३. | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा एस.एल.सी. वा एस.ई. ई.गरी स्वीकृत प्राप्त संस्थाबाट सम्बन्धित विषयमा एक वर्षको तालिम प्राप्त वा सम्बन्धित कामको १ वर्षको अनुभव भई सम्बन्धित सीपमा एक तहको सीप परीक्षण पास भएको। | नेपाल सरकारको राजपत्र अनंकित द्वितीय श्रेणिको सुरुको तलब स्केल |
| ४. | सम्बन्धित विषयमा कम्तीमा ६ महिनाको तालिम प्राप्त गरी परम्परागत सीप र प्रविधि भई न्यूनतम एक वर्ष अवधिसम्म | नेपाल सरकारको राजपत्र अनंकित |

मन्त्री

| | | |
|---|---|---|
| | उद्योग व्यवसाय दर्ता गरी व्यवसाय गरी बसेको अनुभव र सम्बन्धित सीपमा एक तहको सीप परीक्षण पास भएको । | द्वितीय श्रेणिको सुरुको तलब स्केल |
| ५. | परम्परागत सीप जस्तै मस्यौरा, गुन्द्रुक, तिलौरी, फुलौरी,दुना टपरी, धुप, मिथिला आर्ट पेन्टीङ लगायतका सीप परीक्षणको व्यवस्था नभएका सीप विकास तालिका सन्दर्भमा सम्वन्धित पालिका, उद्योग वाणिज्य संघ, घरेलु तथा साना उद्योग महासंघको सिफारीस तथा निज प्रशिक्षकको कार्यअनुभव र दक्षता प्रष्ट गर्ने कागजातको आधारमा दफा १२ बमोजिमको प्रशिक्षार्थी छनौट समितिले व्यावहारिक सीप परीक्षण गरी प्रशिक्षकको रुपमा छनौट गरिएका परम्परागत सीप प्रशिक्षक | नेपाल सरकारको राजपत्र अनंकित द्वितीय श्रेणिको सुरुको तलब स्केल |

(३) उद्यमशीलता विकास तालिम का लागि पाठ्यक्रममा उल्लेखित सम्बन्धित विषयमा स्नातक उपाधि हासिल गरी प्रशिक्षक प्रशिक्षण तालिम (TOT) लिइसकेका लाई मात्र राख्नुपर्नेछ ।

१७. **प्रशिक्षकको सेवा शुल्क:**

(१) प्रशिक्षकको सेवा शर्त सम्वन्धी विषयहरू प्रचलित कानून,कार्यविधि र परिपत्रको अधिनमा रही गरेको सम्झौता अनुसार हुनेछ। सेवा शुल्क नेपाल सरकारले सम्वन्धित श्रेणी लाई तोकेको सुरू तलब स्केल बराबर हुनेछ। सम्झौताको ढाँचा अनुसूची-१० बमोजिम हुनेछ ।

(२) एक महिना भन्दा कम समयको छोटो अवधिको तालिमको लागि प्रशिक्षकहरूलाई नियुक्ति गर्दा माथि उल्लेखित योग्यता,अनुभव तथा आवश्यकता र उपलब्धताको आधारमा सम्बन्धित श्रेणीले पाउने मासिक तलबको प्रति दिन हुन आउने रकममा वार्ताद्वारा ५० प्रतिशत सम्म गरी थप दिन सकिनेछ।

(३) कुनै खास विशेष सीप, दक्षता, योग्यता रहेको व्यक्तिलाई माथि उल्लेखित पारिश्रमिक भन्दा बढी पारिश्रमिक दिने गरी नियुक्ति गर्नुपर्ने भएमा औचित्य र कारण सहित पेश गरी मन्त्रालयबाट स्वीकृति लिनुपर्नेछ ।

## परिच्छेद - ९

## तालिम खर्च सम्बन्धी व्यवस्था

१८. **लागत अनुमान तयार गर्ने:**

(१) कुनै पनि तालिममा लाग्ने आवश्यक कच्चा पदार्थ, मेशिन औजार र उपकरण आदि स्वीकृत पाठ्यक्रमको मापदण्ड (norms) तथा सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको

मन्त्री

व्यवस्था अनुसार लागत अनुमान तयार गरी स्वीकृत गर्नु पर्नेछ।लागत अनुमान गर्ने फाराम अनुसूची-३ मा भएको तालिमको अनुमानित खर्च (लागत अनुमान) विवरण फाराम अनुसार हुनेछ।

(२) योग्य व्यक्तिलाई प्रशिक्षकको रूपमा नियुक्त गर्दा भुक्तानी गर्ने सेवा शुल्क, तालिम संचालनको लागि कर्मचारीलाई दैनिक भत्ता पाउने स्थानमा खटाउदा पाउने दैनिक भ्रमण भत्ता, प्रशिक्षार्थीलाई यस कार्यविधि बमोजिम उपलब्ध गराउने सेवा सुविधा, आवश्यक तालिम सामग्री, हल भाडा,तालिम संग सम्बन्धित (मेशिन औजार, फर्निचर, भवन, सवारी साधन जस्ता पूँजीगत सामानको खरिद बाहेक) सम्पूर्ण खर्च समावेश गरी सार्वजानक खरिद ऐन तथा नियमावली अनुसार लागत अनुमान तयार गरी स्वीकृत भएपछि मात्र केन्द्र आफुले वा सहभागीतामा वा बाह्य परामर्शमा प्रचलित कानून बमोजिम तालिम संचालन गर्नुपर्ने छ।

## १९. वार्षिक कार्ययोजना बनाउनु पर्ने:

(१) केन्द्रले तालिम कार्यक्रम तर्जुमा गर्दा सम्वन्धित विषयका तालिममा विगत दुई आ.व. मा भएको वास्तविक प्रति व्यक्ति खर्च, भवन, फर्निचर जस्ता स्थीर सम्पत्ति बाहेक,तालिम संग सम्बन्धित प्रत्यक्ष खर्च र अप्रत्यक्ष खर्च छुट्टा छुट्टै देखिने गरी। को आधारमा रहनु पर्नेछ।आगामी आ.व. मा संचालन गरिने तालिम कार्यक्रमको वजेट खर्च प्रस्ताव यस्तो खर्च र उपलब्धि समेतलाई आधार मानी प्रगति समिक्षा र वजेट कार्यक्रम तर्जुमाको छलफलका समयमा समेत लेखाजोखा गर्नुपर्ने छ ।

(२) सीप विकास तालिमको वार्षिक कार्यक्रम तयार गर्दा आर्थिक कार्यविधि ऐन,नियम तथा सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रक्रिया अनुसार तालिमका विषय,लक्ष्य, लाग्ने अवधि, संचालन हुने स्थान, कच्चा पदार्थ, तालिम उपकरण एवं जनशक्ति र केन्द्रमा भएको श्रोत साधन आदि स्पष्ट देखिने गरी वार्षिक खरिद योजना बनाई कार्यक्रम साथ संलग्न राख्न पर्नेछ। केन्द्रले मातहतका निकायबाट प्रस्तुत भएको कार्यक्रममा उपरोक्त अनुसारको कार्ययोजना छ/छैन हेरी नभएको अवस्थामा पुन:माग गरी कार्ययोजना सहित मन्त्रालयमा वार्षिक कार्यक्रम पठाउनु पर्नेछ। स्वीकृती पछि बजेटको परिधि भित्र रही केन्द्रले वार्षिक खरिद योजनामा सामान्य परिमार्जन गर्न सक्नेछन।

(३) वार्षिक अख्तियारी, बजेट तथा कार्यक्रम स्वीकृत भएपछि सो अनुरुप हुने गरी केन्द्रको प्रमुखले खरिद ऐन तथा नियमावलीमा भएको व्यवस्था अनुसार वार्षिक खरिद योजनामा आवश्यक हेरफेर सहित स्वीकृत गरी कार्यक्रम संचालन गर्नुपर्नेछ र सोको जानकारी तालुक निकायमा पठाउनु पर्नेछ।

## २०. खाजा खर्च:

(१) यस कार्यविधि बमोजिम छनौट भइ तालिममा सहभागी हुने प्रशिक्षार्थीहरूलाई तालिम सम्पन्न भए पछि उपस्थितिको आधारमा तालिम प्रदायकले खाजा खर्च भुक्तानी दिइनेछ।

(२) तालिममा सहभागी प्रशिक्षार्थीहरूलाई दैनिक वा मासिक रूपमा प्रदेश अर्थ मन्त्रालयले तोकेको मापदण्डमा नबढ्ने गरी र स्वीकृत बजेटको परिधि भित्र रही लागत अनुमानमा समावेश गरि तालिम प्रदायक मार्फत खाजा खर्च उपलब्ध गराइनेछ।

२१. **आवासिय तालिम खर्च :**

(१) आवासिय तालिममा सहभागी हुने प्रशिक्षार्थीलाई खाना, खाजा उपलब्ध गराउँदा जिल्ला स्थित राशनको लागत अनुमान स्वीकृत गर्ने समितिले सो आ.व. को लागि तोकेको प्रति व्यक्ति दररेटमा नबढाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रक्रिया अनुसार उपलब्ध गराउनु पर्नेछ । साथै सरसफाई खर्च वापत प्रति व्यक्ति मासिक रू.५०/- र तालिम अवधिभरका लागि भान्से समेतको व्यवस्था गरिनेछ।

(२) आवासिय तालिममा सहभागी भइ सफलतापूर्वक तालिम लिएका प्रशिक्षार्थीहरूलाई बजेटको परिधी र स्वीकृत कार्यक्रम अनुसार प्राथमिकताका आधारमा तालिम लिएको विषयसंग सम्बन्धित मेशिन उपकरण (प्रविधि) समेत हस्तान्तरण गरिनेछ। सोको लगत जिन्सी खाताबाट हटाई तालुक निकायमा समेत जानकारी दिनुपर्ने छ। साथै सोको अनुगमन समेत गरिनेछ।

(३) आन्तरिक मूल्याङ्कनमा उत्कृष्ट हुने तीन जना प्रशिक्षार्थीहरूलाई क्रमशः तीन, दुई र एक हजार नगद पुरस्कारको समेत व्यवस्था गरिनेछ।

(४) तालिममा सहभागीहरूको प्राथमिक उपचारको लागि तत्काल आवश्यक पर्ने औषधि खरिद गरी जिन्सी अभिलेख राखी प्राथमिक उपचार सेवा उपलब्ध गराउनु पर्नेछ।

(५) प्रशिक्षार्थीहरूलाई उपलब्ध गराइएको कच्चा सामग्रीबाट प्रशिक्षार्थीले उत्पादन गरेको एक सेट सामाग्री निःशुल्क रूपमा प्रशिक्षार्थीहरूलाई उपलब्ध गराई प्रशिक्षण स्थलमा मैत्रीपूर्ण वातावरण सिर्जना गरिनेछ।

(६) प्रशिक्षार्थीहरूलाई उपलब्ध गराईएको तालिम र प्रविधिको अनुगमन गर्दा प्रशिक्षार्थीहरू स्वरोजगारी वा रोजगारीमा संलग्न नभएको पाइएमा प्रशिक्षार्थी माथि भएको खर्च निजहरूबाट असूल हुने कुराको प्रतिबद्धता प्रशिक्षार्थीहरूबाट दरखास्त लिदाकै बखत तालिम प्रदायकले लिनुपर्नेछ।

२२. **उद्यमशिलता प्रशिक्षकको पारिश्रमिक खर्च :** उद्यमशीलता, अभिमुखीकरण तथा प्रशिक्षक प्रशिक्षण जस्ता सैद्धान्तिक र व्याख्यान विधिबाट प्रशिक्षण दिइने तालिममा विज्ञ वा प्रशिक्षक ल्याउनु पर्ने अवस्थामा अर्थ मन्त्रालयबाट तोकेको मापदण्ड भन्दा बढी नहुने गरी पारिश्रमिक दिइनेछ ।

२३. **सेवा प्रदायकबाट सञ्चालन हुने तालिमको मूल्य निर्धारण सम्बन्धी व्यवस्था:** तालिमको भुक्तानी पद्धतिलाई आधार बनाएर देहाय अनुसार मुल्य निर्धारण गर्नुपर्ने;

(१) प्रारम्भिक  र अन्तिम नतिजाको मापन र प्रमाणीकरण गरी भुक्तानी गर्न मिल्ने गरि तालिमको लागत निर्धारण गर्दा सबै भन्दा पहिले प्रति इकाइ प्रत्यक्ष तालिम लागत निर्धारण गर्नु पर्नेछ ।

(२) प्रति इकाइ प्रत्यक्ष तालिम लागत निर्धारण गर्दा सेवा खरिदको आह्वान गर्नु पहिले तालिमको लागत मूल्य निर्धारण गरिने छ र सेवा प्रदायक संस्थाहरुसँग गरिने सम्झौता पत्रमा देहायको शिर्षकहरुमा हुने खर्चहरु समावेश गर्नु पर्दछ :

क. तालिम हुनु पूर्व लाग्ने खर्च अन्तर्गत तालिमका लागि सार्वजनिक सूचना आह्वान, प्रशिक्षार्थी छनौट, तालिमका ढाँचाबारे अभिमुखीकरण आदि कार्य गर्न लाग्ने खर्चहरु।

ख. औजार र स–साना उपकरण खर्च अन्तर्गत उपकरण तथा मेसिन प्रयोग गरेबापत लाग्ने भाडा खर्च अथवा सेवा प्रदायक संस्थाले आफ्नै मौजुदा औजार प्रयोग गर्दछ भने त्यसको ह्रासकट्टी । नयाँ औजारको खरिदलाई समेटिँदैन ।

ग. प्रशिक्षकको खर्चका लागि तालिम समूहमा १० जना सहभागी हुने भएमा एकजना मुख्य प्रशिक्षकको लागि स्वीकृत पाठ्यक्रममा उल्लेख तालिम दिनको पारिश्रमिक खर्च; २० जना सहभागीहरु हुने तालिमको हकमा १ जना सहप्रशिक्षकको पारिश्रमिकको लागि लाग्ने खर्च समेत गणना गरिने छ।

घ. तालिममा खपत हुने तालिम सामग्रीहरू अन्तर्गत तालिम अवधिभरका लागि खपत हुने सामग्रीहरू जस्तै प्रयोगात्मक अभ्यास गर्दा खपत हुने सामाग्रीहरु, तालिम सामाग्रीहरु इत्यादी ।

ङ. चिया र खाजा तथा तालिम प्रवन्ध खर्च अन्तर्गत घर भाडा, खानेपानी, विद्युत खपत, यातायात र चियाखाजा आदिमा हुने खर्चहरु।

च. सेवा प्रदायक द्वारा परिचालन भएका कर्मचारीको तलब, अन्य खर्चहरु, ओभरहेड खर्च, अनुगमन खर्च र तालिम पछि रोजगारीमा जोड्न गरिने सहजीकरणको खर्च आदि।

छ. एउटा तालिम समूहको लागि माथिको लागतका शिर्षकहरुमा हुने खर्चहरु समावेश गरेर आउने योगफललाई १० (एउटा तालिम समूहमा १० जना सहभागी हुने) ले भाग गरेर आउने भागफल नै प्रति इकाइ प्रत्यक्ष तालिम लागत हुनेछ।

२४. **सुविधा खर्च दिन सकिने:** (१) विपन्न समुदायबाट सहभागी हुने लाभग्राहीहरु तालिम अवधिभर सिकाइका क्रियाकलापरुमा नियमित रुपमा उपस्थित हुन र तालिम सम्पन्न पछि रोजगारीमा जोडिन सहयोग पुर्याउने हेतुले दफा २३ मा उल्लेख भएको खर्चका शिर्षकहरु बाहेक पनि थप सुविधाहरु दिन सकिने छ ।

(२) उपदफा (१) अनुसार दिने सुविधा खर्चहरु देहायका शिर्षकहरुमा दिन सकिने छ :–

(क) यातायात सुविधा

(ख) औजार, उपकरण र मेसिन सहयोग,

(ग) सीप परिक्षण शुल्क,

(घ) उत्पादन तथा बजार प्रर्वद्धन सहयोग,

(ङ) बीउ पूँजी सहयोग।

२५. **सेवा खरिद सम्बन्धि व्यवस्थाः**(१)तालिम प्रदायक संस्थासँग सेवा खरिदका लागि लाभग्राहीको तह सम्म पुगेर कार्यक्रम कार्यान्वयन गर्नको लागि सार्वजनिक सेवा खरिद सम्बन्धी प्रचलित ऐन, नियम, विधि र प्रकृया भित्र रहेर योग्य सेवा प्रदायक संस्थाहरुबाट कार्यक्रमको प्रकृति अनुसार मन्त्रालयले योग्य सेवा प्रदायक संस्थासँग व्यबसायिक सेवा खरिद गर्नेछ ।

क. कार्यक्रम सञ्चालन हुने स्थानीय तह छनौटका लागि मन्त्रालयले आवश्यक शर्त सहितको सुचना प्रकाशन वा पत्राचार गर्ने छ। यसरी इच्छुक स्थानीय तहहरुमा तालिम संचालन गर्ने बारेको निर्णय मन्त्रालयले सचिव स्तरबाट लिने छ ।

ख. कार्यक्रम सञ्चालनका लागि योग्य एवं सुचिकृत स्थानीय तहहरु, लक्षित बर्ग, तालिमको क्षेत्र, सम्भावित विषय र लक्ष्य संलग्न गरी तालिम सञ्चालनको सूचना प्रकाशन गरी सेवा खरिद गर्न सकिने छ ।

ग. सार्वजनिक खरिदको आधारभूत सिद्धान्त प्रतिकूल नहुने गरी कार्यक्षेत्रगत शर्तमा सेवा प्रदायक संस्थाको योग्यता र ग्राह्यता सम्बन्धी विवरण, प्रस्ताब पत्र साथ संलग्न गर्नुपर्ने कागजातहरु र शर्तहरु निर्धारण गर्नुपर्ने छ ।

घ. न्यूनतम योग्यता र ग्राह्यता पुरा भएका सेवा प्रदायक संस्थाहरुको मात्र आर्थिक प्रस्ताव मूल्याङ्कन प्रक्रियामा समावेश गर्नु पर्दछ। मूल्याङ्कनको चरण र प्रकृया पुरा गरेका प्रस्ताव दाताहरु मध्ये कम्तीमा ६० प्रतिशत अंक प्राप्त गर्न सफल संस्थाहरुलाई मात्र मौजुदा सूचीमा राख्नु पर्नेछ। सेवा प्रदायक संस्था भई कार्य गर्नको लागि आवश्यक पर्ने न्यूनतम योग्यता र ग्राह्यता सेवा खरिदको दस्तावेजमा निर्धारण गरिए बमोजिम हुनेछ ।

ङ. अर्को आर्थिक वर्षको लागि थप सेवा आवश्यक पर्ने भएमा साविकको शर्तमा कुनै फरक नगरी प्रस्ताव आह्वान गर्न सक्नेछ। यसरी आह्वान गर्दा उपदफा (घ) मा रहेका मौजुदा सूचीमा रहेका सेवा प्रदायक स्वतः थप एक आर्थिक वर्षको लागि मौजुदा सूचीमा समावेस भएका हुनेछन्।

च. मौजुदा सूचीमा छनौट भएका प्रस्ताव दाताहरुबाट प्रस्ताव माग गर्दा प्रस्तावहरुको योग्यताक्रम निर्धारण गर्न न्युन आर्थिक प्रस्तावलाई आधार मानी प्रचलित कानूनमा व्यवस्था गरिएको ढाँचामा आर्थिक प्रस्ताव माग गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

छ. उपदफा (च) बमोजिम आर्थिक प्रस्ताव मूल्याङ्कनबाट न्यूनतम लागतमा तालिम संचालन गर्ने सफल प्रस्तावदाताहरु लाई योग्यताक्रम अनुसार बार्ताको लागि आमन्त्रण गरिने छ । यसरी प्रथम सफल प्रस्तावदातासँगको बार्ता बिफल भएको अवस्थामा निज प्रस्तावदातालाई सूचीबाट हटाई दोश्रो स्थानमा रहेको प्रस्तावकर्ता संग बार्ता गर्नु पर्नेछ। यदि बार्ता सफल भएमा सम्झौता गर्नुपर्नेछ। बार्ता सफल भएन भने क्रमशः अर्को लाई बार्ताका लागि आमन्त्रण गरिने छ ।

२६. **सीपमूलक उद्यमी कार्यक्रमको सेवा प्रदायक संस्थाको न्यूनतम योग्यता र ग्राह्यता:** (१)सेवा प्रदायक संस्थाको न्यूनतम योग्यता र ग्राह्यता देहाय अनुसार हुनेछ :–

क. कम्पनी रजिष्ट्रारको कार्यालय वा घरेलु कार्यालय वा जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको,

ख. मूल्य अभिवृद्धि करमा दर्ता भएको,

ग. अघिल्लो आर्थिक वर्षसम्मको कर चुक्ता भएको (खरिद नियमावली अनुसार कर चुक्ता प्रमाण पत्र लिन वा कर विवरण पेश गेरको प्रमाण लिन समय प्रदान गरेको भएमा सोही अनुसारको अवधि),

घ. प्रस्तावित तालिम मोडेलसँग मेलखाने तालिम प्रदान गरेको अनुभव झल्कने प्रमाण पत्र भएको,

ङ. सिटिइभिटिबाट सम्बन्धीत विषयको तालिम सञ्चालन गर्न सम्वन्धन लिएको र नविकरण भएको

च. परिपक्वताको लागि कम्तिमा तिन वर्षको समयावधि पूरा गरेको,

छ. अन्तिम दुई वर्षको बार्षिक आर्थिक कारोबार रु. २० लाख भन्दा बढि रहेको,

ज. विगत तिन वर्ष देखि मधेश प्रदेश भित्र मुख्य कार्यालय वा सम्पर्क कार्यालय निरन्तर रहेको।

(२) भुक्तानी सम्बन्धि प्रकृया: प्रचलित कानुनका अतिरिक्त देहाय अनुसार गरिनेछ:-

क. बार्ता सफल भए पश्चात कार्यसम्पादन सम्झौता गरे पछि स्वीकृत रकमको ५० प्रतिशत सुरुमा भुक्तानी गरि सोको ५० प्रतिशत रकम धरौटी खातामा राखिने छ ।

ख. बाँकी ५० प्रतिशत रकम तालिम सम्पन्न भए पश्चात अनुगमन प्रतिवेदनका आधारमा भुक्तानी गरिने छ।

ग. तालिम कार्यक्रम सम्पन्न भएको ६ महिना पछि सेवा प्रदायकले धरौटी बापतको रकम फिर्ता माग गर्दा देहायका प्रमाण संलग्न राखि निवेदन दिनुपर्ने छ :

I. सीप परिक्षण हुने तालिमका सन्दर्भमा प्रशिक्षार्थीहरु मध्ये कम्तिमा ५० प्रतिशत प्रशिक्षार्थिहरुले प्राप्त गरेको सीप परिक्षण उतिर्ण गरेको प्रमाणपत्र ।

II. सफल प्रशिक्षार्थी मध्ये कम्तिमा ३० प्रतिशत प्रशिक्षार्थीहरुले स्वरोजगार वा रोजगारी प्राप्त गरी आयआर्जन गरि रहेको प्रमाण ।

२७. **सेवा प्रदायक संस्था तथा साझेदार स्थानीय तहसँग सम्झौता गर्ने:** (१) छनौटमा परेका सेवा प्रदायक संस्थाहरु वा साझेदार स्थानीय तहसँग मन्त्रालयले कार्यक्रम कार्यान्वयनको लागि द्विपक्षीय साझेदारीमा हस्ताक्षर गर्नु पर्दछ।

(२) उपदफा (१) अनुसार सम्झौता गर्दा अनुसूची १३ अनुसारको ढाँचामा आवश्यक संशोधन सहित द्विपक्षीय सम्झौता गर्नुपर्दछ ।

२८. **सम्झौता भंग गर्न सकिने:** (१) कुनै स्थानमा कुनै सेवा प्रदायकले तोके अनुसारको कार्यसम्पादन नगरी कार्यक्रम अधुरो वा अपुरो हुन गएमा त्यस्तो सेवा प्रदायकसँगको सम्झौता प्रचलित कानून अनुसार आंसिक वा पूर्ण रुपमा रद्द गर्न सकिने छ ।

(२) उपदफा (१) अनुसार सम्झौता आंशिक वा पूर्ण रुपमा रद्द गर्नु पहिले अनुगमन टोलीको राय लिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम सेवा प्रदायकसँगको सम्झौता पूर्ण रुपमा रद्द गरिएमा निज सेवा प्रदायकलाई मौजुदा योग्यताक्रम सूचीबाट हटाउनु पर्नेछ ।

(४) कुनै सेवा प्रदायक संस्था सरकारी कुनै निकायको कारबाहीको कारण अयोग्य घोषित भएको प्रमाणित हुन आएमा स्पष्टिकरण पेश गर्ने मौका दिएर कुनै पनि चरणमा निज सेवा प्रदायकसंगको सम्झौता रद्द गरी सेवा प्रदायकको मौजुदा सूचीबाट हटाउन सकिने छ ।

(५) कुनै सेवा प्रदायक संस्थासँग सेवा खरिदको सम्झौता भई कार्यान्वयनमा रहिरहेको अवस्थामा निज सेवा प्रदायक संस्था झुटा कागजात र विवरण पेश गरी योग्यताक्रम सूचीमा परेको भन्ने प्रमाणित हुन आएमा निज सेवा प्रदायक संस्थासँगको सम्झौता कुनै पनि चरणमा रद्द गरी सेवा प्रदायकको मौजुदा सूचीबाट हटाउन सकिने छ।

२९. **सेवा प्रदायक संस्थाको जिम्मेवारी :**(१) ग्राह्यता र योग्यता पुगेका निजी फर्म वा कम्पनीहरुले प्रचलित नियमानुसार सेवा प्रदायक संस्थाको रुपमा साझेदार भई कार्यक्रमको सफल कार्यान्वयनका लागि काम गर्न सक्नेछन् ।

(२) साझेदार भई काम गर्ने सेवा प्रदायक संस्थाको जिम्मेवारीहरु देहाय अनुसारको हुनेछः-

क. सीप तालिम सञ्चालन गर्न आवश्यक पर्ने तालिम हल, कार्यशाला, औजार उपकरण, तालिम सामाग्री, अभ्यास सामाग्री, प्रशिक्षकहरु र स्थलगत अभ्यासहरु सञ्चालन गर्न आवश्यक पर्ने सम्पुर्ण व्यवस्था मिलाउने,

ख. कार्यविधि अनुसार छनौट टोलीमा रहेर लाभग्राहीहरु छनौट गर्न काम गर्ने,

ग. तालिम व्यवस्थित, अनुशासित र गुणस्तरीय ढङ्गबाट सञ्चालन गर्ने,

घ. तालिम समयमा नै सम्पन्न गर्ने,

ङ. तालिम सम्पन्न हुनासाथ लाभग्राहीहरुलाई विभिन्न प्रकृतिका रोजगारीहरुमा जोड्ने,

मन्त्री

च. लाभग्राहिहरुको सीप परिक्षण गर्न गराउन प्रभावकारी सहजीकरण गर्ने, यस सीप परिक्षण गराउदा कम्तिमा ५० प्रतिशत सहभागिहरु सीप परिक्षणबाट उतिर्ण भएको हुनुपर्ने छ ।

छ. अनुगमन टोलीबाट प्राप्त सुझावहरुको पालना गर्ने,

ज. द्विपक्षीय सम्झौतामा उल्लेखित सेवा र शर्तहरुको अधिनमा रहेर सञ्चालन र सम्पन्न गरेका कार्यक्रमको प्रतिवेदनहरु र भुक्तानी मागका विवरणहरु पेश गर्ने,

झ. अन्तिम नतिजा मापन, रुजु र प्रमाणिकरण गर्ने समयमा अनुगमन टोलीले प्रभावकारी रुपमा काम गर्न पाउने वातावरण सिर्जना गर्ने, यसरी अन्तिम नतिजा मापन गर्दा कुल लाभग्राही मध्ये बाट कम्तिमा ३० प्रतिशतले रोजगार गरिरहेको प्रमाण पेश गर्नु पर्नेछ ।

ञ. मन्त्रालय र सेवा प्रदायक संस्था बिच आपसी सहमतिमा तय गरिएका थप कार्यहरु गर्ने,

३०. **बैठक भत्ता सम्बन्धी व्यवस्था:**(१)यस कार्यविधिमा व्यवस्था गरिएका समितिहरूको बैठक कार्यालय समय अघि वा पछि वा सार्वजनिक बिदाको दिनमा बसि कार्य गरेको अवस्थामा बैठकबाट भएका निर्णय प्रतिलिपि समेत राखी अर्थ मन्त्रालयबाट तोकेको मापदण्ड र स्वीकृत बजेटको परिधिभित्र रही बैठक भत्ता भुक्तानी गर्न सकिनेछ ।

(२) यसरी भत्ता भुक्तानी गर्दा बैठकमा बाह्य निकायको प्रतिनिधित्व र सहभागीता अनिवार्य भएको हुनुपर्ने छ।

३१. **दैनिक भ्रमण भत्ता एंवम् तालिम अनुगमन:** तालिम सञ्चालन एवम् अनुगमनको लागि कार्यालयका कर्मचारीलाई दैनिक भ्रमण खर्च पाउने स्थानमा खटाउँदा नियमानुसार दैनिक भ्रमण भत्ता भुक्तानी गर्नुपर्नेछ। तर सेवा करारमा नियुक्ति गरी काम गराउँदा सम्बन्धित शीर्षकबाट निर्धारित दर बमोजिमको पारिश्रमिक मात्र भुक्तानी दिइनेछ। यसरी कार्यालयबाट कर्मचारी अनुगमनमा जाँदा प्रशिक्षार्थी अनुगमनका लागि अनुसूची ११ र उत्कृष्ट सहभागि छनौटका लागि अनुसूची-१२ को प्रयोग गर्न सक्ने छ।

३२. **खरिद प्रक्रिया :**(१) तालिम सञ्चालनको लागि कच्चापदार्थ, तालिम सामाग्री, मेशिनरी खरिद गर्नु पर्दा सम्बन्धित पाठ्यक्रमा उल्लेखित मापदण्ड (norms) लाई आधार मानी तालिम प्रदायक संस्थाले खरिद गर्नु पर्नेछ।

(२) आवश्यक परिमाण भन्दा बढि मेशिन, औजार, कच्चा पदार्थ वा तालिम सामाग्री खरीद गरिएमा सोको जवाफदेही तालिम प्रदायक स्वयं हुनेछ ।

(३) तालिममा प्रयोग हुने कच्चापदार्थ वा अन्य सामाग्रीहरू उपयुक्त र संम्भब भए सम्म स्वदेशी र स्थानीय नै खरिद गर्नु पर्नेछ ।

३३. **तालिम बाट उत्पादित सामानको आम्दानी खर्चको अभिलेख:** तालिममा उपलब्ध गराउन खरिद गरिएका सामाग्रीहरू, तिनको बिक्रि बितरण र ति सामग्रीबाट उत्पादित मालसामानको व्यवस्थापन दफा १६ अनुसार हुनेछ ।

३४. **तालिम हल भाडा खर्च** :(१)तालिम संचालनको लागि आवश्यक पर्ने तालिम कक्ष, भवन सम्भव भए सम्म स्थानीय निकाय वा स्थानीय सहभागीताबाट जुटाउनु पर्नेछ ।

(२) सहभागीतामा उपलब्ध नहुने अवस्थामा नियमानुसार र सम्झौता गरी भाँडामा लिई तालिम संचालन गरिनेछ ।

(३)छोटो अवधिको तालिम प्रयोजनमा कोठा/घर भाँडामा लिदा घर भाडाको दररेट तालिम प्रदायक संग भएको सम्झौता अनुरुप हुनेछ ।

३५. **रकमान्तर:** तालिम सञ्चालन गर्दा सम्बन्धित शीर्षकमा बजेट नपुग हुने भएमा र रकमान्तर गर्नको लागि अर्को शीर्षकमा बजेट बचत हुने देखिएमा नियमानुसार बजेट रकमान्तर लागि पुष्टयाई सहित मन्त्रालयमा लेखी पठाउनु पर्नेछ। मन्त्रालयबाट कानुन बमोजिम स्वीकृत भए अनुसार गर्नुपर्नेछ।

३६. **प्रगति** :तालिम सञ्चालन गर्दा भौतिक प्रगति र वित्तीय प्रगति बिच तालमेल मिल्ने गरी गर्नुपर्ने छ ।

३७. **सामान्य मार्गदर्शन** :(१) तालिम कार्यक्रम देहायका मार्गदर्शनको आधारमा प्रस्तावित र संचालित हुनेछन्:

(क) चालु आवधिक योजनाको उदेश्य, नीति, रणनीति, लक्ष्य एवं अपेक्षित लाभ तथा प्रदेश सरकारको वार्षिक कार्यक्रम र नीति अनुरूप तालिम कार्यक्रम प्रस्ताव गरी संचालन गरीनेछ।

(ख) बिपन्न महिला, दलित, अपाङ्ग, द्वन्द पिडित व्यक्ति जनआन्दोलन, मधेश आन्दोलन घाईते, सहिद परिवार वा तिनका परिवार सदस्य र सीप नभएका विपन्न युवा तथा सीप र आवश्यक स्रोत साधन समेत नभएका बेरोजगारहरूलाई स्वरोजगार तर्फ उत्प्रेरित गर्न, स्वदेशी र बैदेशिक श्रम बजारको माग अनुसार रोजगारीको लागि सीपयुक्त बनाउने तर्फ तालिम कार्यक्रम निर्देशित हुनेछन्।

(ग) सरकारी निकाय, गैर सरकारी संघ संस्था, निजि क्षेत्र र अन्य निकायबाट सहज र न्यून लागतमा संचालन भइहेका तालिम र स्वरोजगार र रोजगारको लागि संभाव्य नभएका तालिम संचालन गरिने छैन।

(घ) बजेटको परिधि भित्र रहि कार्यक्रम प्रस्ताव र संचालन हुनेछन्।

(ङ) तालिम संख्यात्मक भन्दा रोजगार, स्वरोजगार र रोजगारीका लागि सीपयुक्त जनशक्ति तयार गर्न गुणात्मक पक्ष तर्फ लक्षित हुनेछ।

३८. **कार्यविधिको व्याख्या तथा थप व्यवस्था** :(१) यो कार्यविधि कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा पर्न गएमा सो विषयमा मन्त्रालयले निर्णय गरे बमोजिम हुनेछ ।

(२) यो कार्यविधिमा उल्लेख नभएका विषयमा मन्त्रालयको निर्णय र निर्देशन बमोजिम हुनेछ।

३९. **आवश्यक संशोधन र थपघट गर्न सकिने** :(१) यो कार्यविधिमा रहेका प्रावधानहरूमा आवश्यक थपघट वा संशोधन गर्नु परेमा मन्त्रालयबाट संशोधन गर्नुपर्नेछ।

(२) तालिम कार्यक्रम संचालनका लागि आवश्यक पर्ने अन्य कार्य प्रकृया प्रचलित कानुन र यस कार्यविधिको अधिनमा रहि रोजगार सुचना केन्द्रले बनाई मन्त्रालयबाट स्वीकृति लिई लागू गर्न सकिनेछ।

४०. **खारेजी र बचाउ** :

(१) यस कार्यविधिको खारेजी र बजाउ प्रदेश सरकारले गर्न सक्नेछ।

मन्त्री

## अनुसूची १

(दफा (४) को उपदफा (३) को खण्ड (ग) संग सम्वन्धित)

**स्थानीय श्रोत र साधनको आधारमा उपयुक्त तालिम कार्यक्रम निर्धारण सर्वेक्षण फारम**

(यो प्रश्नावली सम्भाव्य तालिम हुने स्थान र त्यस वरपरको बस्तुस्थितिको अध्ययनको आधारमा तयार गर्नुपर्ने छ।)

### १.साधारण जानकारीः-

क) जिल्ला..............................................सम्भाव्य तालिम हुने न.पा./गा.पा..........................

ख) तालिम बाट लाभान्वित हुने गा.पा. /न. पा..................................................................

घर परिवार संख्या...............................जनसंख्या..............................................

ग) उद्योग/व्यवसाय / रोजगारी प्रवर्द्धनमा सहयोग पुर्याउने सरकारी, गैर सरकारी संघ संस्थाका नाम (........................संस्था आदि)

१.

२.

३.

(घ) तालिम आवश्यकता अध्ययनसंग सम्वन्धित अन्य निकायद्वारा संचालित कार्यक्रमहरुः

१.

२.

३.

### २. स्थानीय श्रोत/साधनको उपलब्धता

क) कच्चा पदार्थ

नाम परिमाण उपलब्ध स्थान हालको प्रयोग परिमाण

१.

२.

३.

**ख) विद्युत शक्ति**

स्थान र दुरी उपलब्धता

१.

२.

३.

मन्त्री

ग) स्थानीय श्रोत साधनको परिचालनमा हाल उपलब्ध सीपयुक्त जनशक्ति

बिषय संख्या सीप उपयोग जनशक्ति

१.

२.

३.

घ) सीप अभिवृद्धि गर्न आवश्यक

विषय अभिवृद्धि गर्नपर्ने संख्या

१.

२.

३.

३. बजार संभाव्यता र उपलब्धता

संभाव्य उत्पादन स्थानीय खपत परिमाण वाह्य निकासी परिमाण

क)

ख)

ग)

४. स्थानीय आवश्यकता पहिचान

स्थानीय तह र अन्य कार्यरत सरकारी गैर सरकारी संघ, संस्थाहरू संग छलफल गर्दा उक्त स्थानमा उपयुक्त देखिएका तालिम का विषयवस्तुहरू:

क)

ख)

ग)

५. उपरोक्त उल्लेखित बिषयवस्तु मध्ये तालिम संचालन गर्न सर्वेक्षण गर्नेले उपयुक्त ठहर गरेको विषयहरू (प्राथमिकताको आधारमा):-

क)

ख)

ग)

घ)

ङ)

प्रदेश सचिव

मन्त्री

च)

६.संस्थागत सहयोग

संस्थाको नाम सहयोगको किसिम सहयोगको विवरण

७. सर्भे गर्ने व्यक्तिको सुझाव

सर्भे गर्नेको नाम :

पद :

सही:

मिति :

सुरेन्द्र पौडेल
प्रदेश सचिव

मन्त्री

# अनुसूची २

(दफा (४) को उपदफा (३) को खण्ड (ग) संग सम्वन्धित)

## माग भएको तालिमको सर्भेक्षण फाराम

**१. सामान्य जानकारी**

क) जिल्ला ........................................संभाव्य तालिम हुने न. पा /गा.पा.....................................

ख) तालिम बाट प्रत्यक्ष लाभान्वित हुने

गा.पा. /न.पा-.....................................

घर परिवार संख्या.....................................

जनसंख्या.................................................

**२. तालिम माग गर्नाको उद्देश्य**

उद्देश्य संख्या

क) आफै व्यवसाय संचालन गर्न

ख) स्थापित उद्योग संचालन गर्न

ग) रोजगारी प्राप्त गर्न

घ) परम्परागत सीपको प्रवर्द्धन गर्न

ङ) बचत समयको सदुपयोग गर्न

**३. माग भएको तालिमको विषय र तालिम लिन ईच्छुक संख्या (प्राथमिकताको आधारमा)**

तालिमको विषय तालिम लिन ईच्छुक संख्या

क)

ख)

ग)

**४. माग भएको विषयमा हाल उपलब्ध जनशक्ति**

क)माग भएको विषय हाल सीप उपयोग गर्ने संख्या

१.

२.

३.

ख)सीप अभिवृद्धि गर्न आवश्यक विषयहरू

विषयसंख्या

१.

२.

३.

सुरेन्द्र पौडेल
प्रदेश सचिव

५. स्थानीय आवश्यकता पहिचान

स्थानीय तह र अन्य कार्यरत सरकारी गैर सरकारी संघ, संस्थाहरू संग छलफल गर्दा उक्त स्थानमा उपयुक्त देखिएका तालिम का विषयवस्तुहरू:

क।

ख।

ग।

६. उल्लेखित विषयवस्तुमध्ये तालिम संचालन गर्न सर्भेक्षण गर्ने व्यक्तिले उपयुक्त ठहर गरेको तालिम का विषयहरू (प्राथमिकताको आधारमा)-

क।

ख।

ग।

घ।

ङ।

७. तालिम/व्यवसाय गर्न विभिन्न संघ, संस्था तथा निकायबाट प्राप्त हुन सक्ने सहयोगहरू

संस्थाको नाम प्राप्त हुने सहयोगको विवरण

क।

ख।

ग।

८. सर्भेक्षणमा संलग्न व्यक्तिको सुझाव

सर्भे गर्नेको नाम :

पद :

सही :

मिति :

अनुसूची ३
(दफा (५) को उपदफा (२) को खण्ड (घ) संग सम्वन्धित)

मधेश सरकार
श्रम तथा यातायात मन्त्रालय
रोजगार सुचना केन्द्र
सहभागीतामुलक तालिम सम्बन्धी प्रस्ताव/सम्झौता

फोन नं. :-
फ्याक्स नं. :-
आर्थिक वर्ष :- ..........................................

विषयको सीपमुलक तालिम कार्यक्रम संचालन सम्वन्धी प्रस्ताव
(प्रस्ताव पेश गर्ने संस्थाको विवरण)

मूल्य रु. २००/-

संस्थाको नाम :..............................................................................................................
ठेगाना :- :..................................................................................................

इमिमि... मन्त्री

# ..................................विषयक सीपमूलक तालिम संचालन सम्बन्धी प्रस्ताव पेश गर्ने संस्थाको विवरण

1) संस्थाको नाम :-

2) ठेगाना :-

3) फोन नं:-

4) फ्याक्स नं:-

5) अध्यक्षको नाम : -

6) स्थायी ठेगाना :-

7) दस्तखत :-

8) सम्पर्क व्यक्तिको नाम :-

9) तालिमको विषय :-

10) तालिम अवधि :-

11) कक्षा संचालन गने समय :-

12) प्रशिक्षार्थी संख्या : -

मिति :-संस्थाको छाप

(नोट: प्रस्तावको प्रत्येक पानामा संस्थाको आधिकारिक व्यक्तिको दस्तखत तथा संस्थाको छाप लागेको हुनुपर्नेछ। )

सुरेन्द्र पौडेल
प्रदेश सचिव

प्रदेश सरकार
श्रम तथा यातायात मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल

मन्त्री

## प्रस्ताव साथ समावेश भई आउनु पर्ने विवरण

१. संस्था स्थापनाको पृष्ठभूमि,सांगठनिक विकास र विस्तारको लागि भए गरेका क्रियाकलापहरु

२. संस्थाको उदेश्य

३. संचालन गर्न प्रस्ताव गरिएको

क. तालिमको को विषय :

ख. प्रशिक्षार्थी संख्याः

ग. तालिमको समयावधिः

१. महिना/हप्ताः

२. कुल कार्य (दैनिक..... घण्टा /......दिन./........हप्ता)......घण्टा

घ. प्रशिक्षकहरू (विषयगत-प्रमाणपत्र, वैयक्तिक विवरण (शैक्षिक योग्यताका प्रतिलिपि संलग्न गर्नुपर्ने छ) को वैयक्तिक विवरण (नाम) :-

१.

२.

३.

४. संस्थाको आफ्नै भौतिक पूर्वाधारको विवरणः

क. भवन या भाडाको घर (खुलाउने)-

ख. कक्षा कोठा (साइज खुलाउने)-

ग. फर्निचर (टेवुल, कुर्सी) (संख्या खुलाउने-

घ. प्रयोगात्मक कक्षा/कोठा (साइज खुलाउने :-

ङ. अन्य सान्दर्भिक विवरण (भए खुलाउने)—

सुरेन्द्र पौडेल
प्रदेश सचिव

५. संचालन गर्न प्रस्ताव गरिएको तालिमको उद्देश्य:

६. तालिम बाट लाभान्वित हुने क्षेत्र, वर्ग र प्राप्त हुने अपेक्षित उपलब्धिहरु –

७. प्रस्तावित तालिमको कुल खर्च विवरण (संलग्न नमुना विवरण भरी समावेश गर्ने)–

(दफा (१८) को उपदफा (१) सँग समेत सम्बन्धित)

**प्रस्तावित तालिमको अनुमानित खर्च (लागत अनुमान) विवरण**

| सि न. | विवरण | दर | परिमाण | कुल खर्च रु. | कुल खर्च मध्ये | |
|---|---|---|---|---|---|---|
| | | | | | केन्द्रहरु बाट बेहोर्ने रु. | संस्थागत (संस्थाले बेहोर्ने खर्च ) सहभागिता रकम रु . |
| १. | प्रशिक्षकको पारिश्रमिक | | | | | |
| २. | प्रशिक्षण सामग्री खर्च<br>सामग्रीहरु (विवरण) | | | | | |
| ३. | मेशिनरी औजार भए(मर्मत संभार खर्च ) | | | | | |
| ४. | संस्थाको आफ्नो प्रशासनिक खर्च :<br>क) स्टेशनरी<br>ख) बिजुली<br>ग) टेलीफोन, फयाक्स<br>घ) इन्धन<br>ङ) घर/कोठा भाडा | | | | "<br>"<br>"<br>"<br>" | |
| ५. | सूचना प्रकाशन एवं प्रशिक्षार्थी छनौट खर्च :<br>क) सूचना प्रकाशन खर्च (राष्ट्रिय तथा स्थानीय स्तरको पत्रिकामा प्रकाशित गर्ने भए<br>ख) प्रशिक्षार्थी छनौट खर्च | | | | | |
| ६. | यातायात (भ्रमण एवं संम्पर्क खर्च रु. | | | | | |
| ७. | कार्यक्रम उद्घाटन प्रमाणपत्र | | | | | |

इमाकब मन्त्री

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | निर्माण/कार्यक्रम खर्च र प्रमाण पत्र वितरण | | | | | |
| ८. | प्रतिवेदन निर्माण खर्च : | | | | | |
| | जम्मा:- | | | | | |

तयार गर्ने      जाँच/पेश गर्ने      स्वीकृत गर्ने

८. प्रशिक्षण विषयवस्तु: (प्रशिक्षण अवधिभर कुन कुन विषयमा प्रशिक्षण दिने हो विषयवस्तु, पाठ्यक्रम (सैद्धान्तिक, व्यवहारिक), प्रशिक्षण विधि, मूल्यांकन पद्वती,समय भार, माथि सि.नं. ३ को ग (१) र (२) मा उल्लेखित आधारलाई समावेश गरी तयार गरी पेश गर्ने)

९. प्रस्तुत प्रस्तावित तालिमको विषयमा यस अघि तालिम दिएको भए तालिमको विषय,संख्या र संचालन गरेको समयावधि खुलाउने।

१०. रोजगारीको स्थिति: यस अघि संस्थावाट तालिम लिई गएका प्रशिक्षार्थीहरूले रोजगारी(वैतनिक, स्वरोजगारी वा वैदेशिक रोजगारी) प्राप्त गरेको भए सो को संख्यागत विवरण

११. प्रस्तावित तालिममा रोजगारीको योजना: प्रस्तावित तालिम समापन पश्चात प्रशिक्षार्थीहरूलाइ उपलब्ध हुने रोजगारी (वैतनिक, स्वरोजगार वा वैदेशिक) को लागि संस्थाको प्रतिबद्धता, संभाव्यता र क्षेत्र उल्लेख गर्ने ।

१२. संस्थाको व्यवस्थापकिय एवं आर्थिक क्षमता

(क) व्यवस्थापकिय क्षमता(संस्थाको विधान, सांगठनिक संरचना, संस्थाका सदस्यहरूको विवरण, कर्मचारीहरू (भए) को वैयक्तिक विवरण र सांगठनिक चार्ट समावेश,उल्लेख गर्ने)

(ख) गत आ.व.को आर्थिक गतिविधिको आधिकारिक लेखा परीक्षण गरिएको प्रमाणित कागजात समावेश गर्ने ।

मधेश प्रदेश सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय जनकपुरधाम, धनुषा, नेपाल

सुरेन्द्र चौधरी प्रदेश सचिव

इन्द्र मन्त्री

अनुसूची ४

(दफा (६)को उपदफा (४) को खण्ड (झ)संग सम्बन्धित )

प्रदेश सरकार

श्रम तथा यातायात मन्त्रालय

## रोजगार सुचना केन्द्र

तालिमका विषयहरु

| क्र.स. | तालिमका क्षेत्र | विषयहरु |
|---|---|---|
| १. | निर्माण क्षेत्र | मेसन, स्काफोल्डिङ्ग , सटरिंग कार्पेन्ट्री, स्टिल फिक्स्चर |
| २. | कृषि क्षेत्र | पशु स्वास्थ्य कार्यकर्ता, कृषि कार्यकर्ता, तरकारी खेती, नगदे बालि कृषिजन्य पदार्थको प्रशोधन, खाद्य सामग्री उत्पादन, च्याउ खती,मौरी पालन, बंगुर पालन, कुखुरा पालन, जडीबूटी खेती, जडीबूटी प्रशोधन, अल्लो प्रशोधन, हाते कागज निर्माण |
| ३. | सेवा क्षेत्र | प्लम्बिङ्ग, विद्युत जडान, अटोमेकानिक्स, मोटरसाईकल मर्मत,ब्यूटी पार्लर, सेक्युरिटी गार्ड , ड्राईभिङ्ग, केयर गिभर, जनरल मेकानिक्स, वेल्डिङ , पम्पसेट मेकानिक्स, इलेक्ट्रोनिक्स मर्मत (मोवाइल, टि.भि. आदि), कम्प्यूटर, इन्भर्टर निर्माण, मर्मत, सेक्रेटरी |
| ४. | कला क्षेत्र | थाङ्का , मूर्तिकला, वेतबांस, मिथिला पेन्टिङ वुड कार्भिङ्ग , स्टोनकार्भिङ्ग , छुवाली कला, कपडामा जरी भर्ने र पेन्टिङ, माला गर्ने , थैलीपर्स बनाउने, फोटो फ्रेम लेमिनेशन, पोते मालासजावटकासामान उत्पादनगर्ने |
| ५. | पर्यटन क्षेत्र | कुक, वेटर /वेट्रेस, हाउस किपिङ , केयर गिभर, हाउस मेड, वारमैन, सेल्स पर्सन, फ्रन्ट अफिस मेनेजमेन्ट |
| ६. | होजीयारी तथा तयारी पोशाक | सिलाई कटाई, ढाका बुनाई, गार्मेन्ट्स् , गलैचा, राडीपाखि बुनाई, इम्ब्रोईडरी, फेशन डिजाइन, बक्रम बनाउने |
| ७. | खाद्य सामग्री प्रशोधन | कुकिज, पाउरोटी, जुस, बिस्कुट, अचार, सस बनाउने |
| ८. | अन्य क्षेत्र | मैनबत्ती, अगरबत्ती, खाम बनाउने, ब्रिकेट निर्माण, पपलास्टिक मोल्डिङ्ग बुक बाइण्डिङ्ग |

नोटः समयक्रम र प्रविधि अनुकूल बजार मागमा आधारित तालिम का विषयहरूलाई कार्यक्रम तर्जुमागर्दै औचित्य सहित केन्द्रको सिफारिसमा अनुसुचीमा समावेश गर्न सकिने छ । परिच्छेद ३ र ५ का आधारमा तालिम का विषय अद्यावधिक गर्दै जानुपर्ने छ।

प्रदेश सचिव

मन्त्री

अनुसूची ५

(दफा (१२) संग सम्बन्धित)

प्रदेश सरकार
श्रम तथा यातायात मन्त्रालय
रोजगार सुचना केन्द्र

<u>तालिम आवेदन फाराम</u>

श्री.....................................

.............................................

महोदय,

त्यस ...............................बाट मिति...............................मा प्रकाशित सूचना अनुसार सञ्चालन गरिने विषयको सीपमूलक/उद्यमशीलता विकास तालिममा सरिक हुने इच्छा भएकोले निम्नानुसार व्यक्तिगत विवरण भरी नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, पहिचान,उत्तिर्णको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी सहित यो निवेदन पेश गरेकी/गरेको छु।

१. निवेदनको नाम, थर :
२. निवेदकको ठेगाना :
(क) स्थायी ठेगाना :
(ख) अस्थायी ठेगाना :
(ग) संम्पर्क टेलिफोन न.
(घ) इमेल :
३. उमेर :..............................वर्ष ४. लिङ्ग : पुरूष / महिला/ अन्य
५. वैवाहिक स्थिति : विवाहित / अविवाहित / एकल
६. शैक्षिक योग्यता :
७. परिवारको किसिम र संख्या : एकल/संयुक्त...................................जना

९.परिवारको आय आर्जनको मुख्य श्रोतः
१०. पारिवारिक स्वामित्वमा रहेको जग्गा र ठेगाना :

मन्त्री

११. परिवारको अन्दाजी बार्षिक आम्दानी रू

१२. यस भन्दा अघि कुनै तालिम लिनु भएको छ छैन ?

यस अघि तालिम लिएको भए,

-तालिमको विषयः..........................................

-तालिमको अवधि :.........................................

-तालिम लिएको मिति :....................................

-तालिम दिने संस्था :.......................................

-प्राप्त तालिमको उपयोग स्थिति :..........................................

-स्वरोजगारीः.........................................

-रोजगारी ज्याला रोजगारीः .........................................

-घरायसी प्रयोजनमा सिमित :.........................................

-सदुपयोग छैन :.........................................

१३. तालिम विना कुनै सीप जानेको भए सो सीपको व्यावसायिक उपयोग भएको छ?

उपयोग भएको भए सो को अवस्था :

-स्वरोजगारी

-ज्याला रोजगारी

-घरायसी प्रयोजनमा उपयोग

-व्यवसायिक उपयोग छैन ।

१४. यो तालिम लिन चाहनुको कारण :

तालिम पश्चात सीप अनुरूपको उद्यम /व्यवसाय गर्ने दृढ निश्चय गरेको छु ।

आवेदकको सही

मिति

सुरेन्द्र पौडेल
प्रवक्ता सचिव

मधेश प्रदेश सरकार
श्रम तथा यातायात मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल

मन्त्री

अनुसूची ६
(दफा (१२) संग सम्बन्धित )

प्रदेश सरकार
श्रम तथा यातायात मन्त्रालय
रोजगार सुचना केन्द्र

प्रशिक्षार्थी छनौट मूल्यांकन फाराम
(अन्तरवार्ता प्रयोजनको लागि)

विषय :
आवश्यक संख्या :
मिति :

| क्र. सं. | आवेदकको नाम,थर | ठेगाना | पारित्रारिक पृष्ठभूमि र आयस्तर (१०) | व्यवसायिक व्यक्ति (२०) | व्यवसायिक सीप उपयोगीतास्तर (२०) | प्रति बद्धता स्तर (२०) | उधमशीलता लक्षण (२०) | लक्षित समूह पहिचान (१०) | कुल प्राप्तांक (१००) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

अन्तरवार्ताकारको नाम :
दस्तखत :
मिति:

प्रदेश सरकार
श्रम तथा यातायात मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल

सुरेन्द्र पौडेल
प्रदेश सचिव

अनुसूची ७

मन्त्री

(दफा (१३) को उपदफा (इ) को बुँदा (११) संग सम्बन्धित)

प्रदेश सरकार

श्रम तथा यातायात मन्त्रालय

## रोजगार सुचना केन्द्र

### तालिम सम्पन्न प्रतिवेदन

१. तालिमको बिषय :
२. तालिमको उद्देश्य :
३. तालिम सञ्चालित स्थान :
४. तालिमको अवधि :
५. तालिम सञ्चालित मिति.............................देखि..........................सम्म
६. तालिम सञ्चालनमा सम्बद्ध निकायहरू :
७. प्रशिक्षकको नाम र ठेगाना :
८. तालिम प्रक्रिया :
९. सहभागीहरूको विवरण:

| नाम र ठेगाना | उमेर | लिङ्ग | | शैक्षिक योग्यता | हाजिरी दिन | संम्पर्क नं . | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | | | | |
| | | | | | | | |
| | | | | | | | |

प्रदेश सचिव

१०. उपलब्धिहरु :

११. तालिमबाट उत्पादित सामानको विवरण र अवस्था :

१२. प्रशिक्षकबाट सहभागिहरुको मूल्याङ्कन :

१३. तालिम सम्बन्धि विवरण :

१४. तालिमको क्रममा सिर्जित मुद्दाहरु :

१५. तालिम मूल्याङ्कन :

१६. सुधारका सुझावहरु (कार्ययोजना सहित) :

## अनुसूची ८

दफा (१३) को उपदफा (ङ) को बुँदा (१२) सँग सम्बन्धित

### प्रमाणपत्रका नमूनाहरु

**परिशिष्ट (Annex )**

क) आधारभूत तालिम प्रमाणपत्र

ख) सहभागितामूलक तालिम प्रमाणपत्र

ग) अपग्रेडिङ्ग तालिम प्रमाणपत्र

घ) उद्यमशीलता विकास प्रमाणपत्र

ङ) रोजगारी तथा स्वरोजगार सम्बन्धि विषेश सीप विकास तालिम प्रमाणपत्र

च) महिला आवासिय तालिम प्रमाणपत्र

मन्त्री

मधेश प्रदेश सरकार
श्रम तथा यातायात मन्त्रालय
रोजगार सुचना केन्द्र
जनकपुरधाम,धनुषा

फोटो

**प्रमाण – पत्र**

रोजगार सुचना केन्द्रको आ. व .................. को पहिलो/दोस्रो सत्रमा संचालित ......................... महिने ............................................... बिषयक तालिममा स्थायि ठेगाना.......................... बस्ने श्री/श्रीमती ........................ का छोरा/छोरी/श्री/श्रीमती /सुश्री......................... ले तालिममा सहभागी भई सफलता पूर्वक सीप सिक्नु भएकाले स – धन्यवाद सहित यो प्रमाण – पत्र प्रदान गरिएको छ ।

Government of Madhesh Province
Ministry of Labour and Transport
Employment Information Centre
Janakpurdham, Dhanusha

# CERTIFICATE

This certificate is awarded to Mr/Ms. ...................................... Son/daughter/wife of Mr. /Ms............................permanent resident of ...................................on his/her successful completion of ................................. months training programme and acquiring skills on ...................................course held in the 1st/2nd session of F.Y ............................................

This training programme is conducted by Employment Infromation Centre, Ministry of Labour and transport, Government of Madhesh Province.

| | | |
|---|---|---|
| ......................... | ......................... | ......................... |
| प्रशिक्षक | तालिम प्रदायक संस्था | उप सचिव |
| Instructor | Training Provider Org . | Under Secratory |

मन्त्री

# अनुसूची ९

दफा (१४) को उपदफा (२) सँग सम्बन्धित

मधेश प्रदेश सरकार

श्रम तथा यातायात मन्त्रालय

## रोजगार सुचना केन्द्र

**उत्पादित सामानको मूल्याङ्कन फाराम**

तालिमको बिषय :

तालिम सञ्चालन भएको स्थान :

तालिम सञ्चालन मिति :

तयारी वस्तुको परिमाण :

| सि. नं | कच्चा पदार्थको विवरण | | | | | उत्पादित सामानको विवरण | | | | कायम मूल्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | नाम | इकाई | परिमाण | परल मूल्य | कच्चा पदार्थको जम्मा मूल्य | नाम | इकाई | परिमाण | परल मूल्य | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | |

- उत्पादित सामानको परल मुल्य गणना गर्दा समावेश गर्न सकिने कुराहरु :
  - कच्चा पदार्थको मूल्य
  - ढुवानी मूल्य
  - उत्पादन गर्न लागेको श्रमको मूल्य (गणना संभव भए):
    - दिन "जना" दैनिक ज्याला
    - तयारी कपडाको प्रचलित ज्याला
  - भण्डारण गर्दा लागेको मूल्य

प्रशिक्षण केन्द्रको राय :

मूल्याङ्कन समितिको ठहर

मूल्याङ्कन समितिको

मिति : सदस्य सदस्य संयोजक

अनुसूची १०

दफा (१७) को उपदफा (१) सँग सम्बन्धित

मधेश प्रदेश सरकार

श्रम तथा यातायात मन्त्रालय

# रोजगार सुचना केन्द्र

## करार सेवामा प्रशिक्षक नियुक्ति गर्दाको सम्झौता पत्र

यस रोजगार सुचना केन्द्र/............. तालिम प्रदायक संस्था द्वारा संचालन हुने .............विषयको तालिम कार्यक्रम सञ्चालन गर्न प्रशिक्षकको रूपमा कार्य गर्ने गरी दैनिक/मासिक सेवा शुल्कमा काम गने गराउने सम्बन्धमा निम्नानुसार शर्तको अधिनमा रही कार्य गर्न आज मिति २०८................साल..............गते रोज..............मा यो सेवा करार सम्झौता गरिएको छ।

१. प्रशिक्षकको व्यक्तिगत बिवरण

क) नाम थर:

ख) ठेगाना:

स्थायी:

अस्थायी :

ग) उमेर: वर्ष घ) लिङ्ग: महिला /पुरूष ङ) नागरिकता:

च) वैवाहिक स्थिति: विवाहित / अविवाहित / एकल

२. प्रशिक्षकले गर्नु पर्ने मुख्य कार्यहरू :

क)

ख)

ग)

३. काम गर्नु पर्ने स्थान :

४. तालिम शुरू हुने मिति र,समय:

५. दैनिक/मासिक पारीश्रमिक रू..........अक्षरेपी रु..................

६. अन्य सुविधा

७. विदाको सहुलियत :

८. प्रतिवेदन पेश गर्नु पर्ने/नपर्ने

९. अन्य शर्तहरू :

उल्लेखित शर्तमा कार्य गर्न इच्छुक प्रशिक्षकको तालिम प्रदायक संस्थाको तर्फबाट

| | |
|---|---|
| दस्तखत : | दस्तखत : |
| नाम : | नाम : |
| मिति : | मिति : |

अनुसूची ११

दफा (२४) संग सम्बन्धित

मन्त्री

# रोजगार सुचना केन्द्र

प्रशिक्षार्थी अनुगमन फाराम

१. प्रशिक्षार्थीको नाम र ठेगाना:

२. सम्पर्क व्यक्ति/ टेलिफोन नं:

३. तालिम सम्पन्न भएको मिति र स्थान:

४. तालिमको प्रकार: नियमित/विशेष/सहभागीतामूलक

५. सहभागीतामूलक तालिम भए सम्बन्धित संस्थाको नाम र ठेगाना

**६. तालिमको उपयोगितास्तर**

क) स्वरोजगारीमा संलग्न (संख्या) :

ख) ज्याला रोजगारी प्राप्ती : स्वदेश/ विदेश

ग) अन्दाजी मासिक आम्दानी रू.

घ) घरायसी प्रयोजनमा सिमित

ङ) व्यावसायिक उपयोग हुन सकेको छैन ।

**७. स्वरोजगारीमा संलग्न भए**

-उद्यम / व्यवसायको नाम र ठेगाना :
-उद्यम/ व्यवसायबाट हुने अन्दाजी मासिक आम्दानी रू
-उद्यम / व्यवसाय दर्ता छ छैन ?
-रोजगारी संख्या–
-लगानी (अन्दाजी रू)

**८. सीप अनुरूपको उद्यम/व्यवसाय नगरेको भए सो को मुख्य कारणहरू**

क) सीप नपुग

ख) बजार व्यवस्थापान सम्बन्धि ज्ञानको कमी

ग) कम गुणस्तर तालिम

घ) पुँजीको अभाव

ङ) पारिवारिक असहयोग

च) पेशा परिवर्तन

छ) अन्य

मन्त्री

**९. सीप अनुरुपको व्यवसाय गर्न कर्जा लिएको भए :**

क) कर्जा प्रवाह गने वित्तीय संस्थाको नाम र ठेगाना

ख) कर्जा रकम रू

ग) कर्जा लिएको मिति :

घ) कर्जा मध्ये साँवा/ब्याज भुक्तान भए नभएको रकम रु.

**१० . सीप अनुरूप उद्यम/व्यवसाय सञ्चालनमा देखिएका मुख्य समस्याहरू**

क)

ख)

ग)

**११. प्रशिक्षार्थीको अपेक्षा तथा सुझाव :**

क)

ख)

**१२. अन्य**

**१३. अनुगमनकर्ताको भनाइ**

क

ख)

ग)

सम्बन्धित प्रशिक्षार्थीको अनुगमन गर्नेको

| | |
|---|---|
| सहि : | सहि : |
| नाम : | नाम : |
| दर्जा: | दर्जा: |
| मिति : | मिति : |

अनुसूची १२

(दफा (२४) सँग सम्बन्धित)

मन्त्री

# रोजगार सुचना केन्द्र

## उत्कृष्ट प्रशिक्षार्थीको व्यक्तिगत विवरण

| क.सं | प्रशिक्षार्थीको नाम थर | ठेगाना | तालिमको विषय | तालिम लिएको बर्ष | स्वरोजगारी ज्याला रोजगारी | मासिक आम्दानी | स्वरोजगारी भए | | | कर्ज लिएको भए | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | व्यवसायको नाम ठेगाना | दर्ता छ ? | रोजगारी संख्या | बैंकको नाम | रकम |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

मधेश प्रदेश सरकार
श्रम तथा यातायात मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल

प्रदेश सचिव

मन्त्री
इन्द्र।७०

अनुसूची-१३

दफा २७ को उपदफा (२) संग सम्बन्धित

## श्रम तथा यातायात मन्त्रालय, मधेश प्रदेश र सेवा प्रदायक संस्था विच हुने सम्झौता पत्रको खाका

श्रम तथा यातायात मन्त्रालय, मधेश प्रदेश जनकपुरधाम (यस पछि प्रथम पक्ष वा मन्त्रायल भनिएको) र ………………… …………(यस पछि दोश्रो पक्ष वा सेवा प्रदायक संस्था भनिएको) बिच तपशील बमोजिमको शर्तहरुको अधिनमा रहि सिपमूलक रोजगार कार्यक्रम सञ्चालन गर्ने गराउने गरी दुवै पक्षको सहमतीमा यो सम्झौता गरी एक एक प्रति बुझि लियौं दियौं ।

शर्तहरु:

१. दोश्रो पक्षले निम्न अनुसारको लागत बेहोर्नु पर्नेछ ।

| क्र.स. | क्रियाकलाहरु | दिन | जम्मा लाभग्राही | प्रति व्यक्ति तालिम लागत | कुल लागत | लागत वेहोर्ने निकाय |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

नोटः श्रोत व्यक्ति, प्रशिक्षक, सामाग्री, खाजा, हल भाडा आदि खर्चहरु प्रति व्यक्ति तालिम लागतमा समावेश गरिएको छ ।

२. पहिलो पक्षले निम्न अनुसारको लागत बेहोर्नु पर्नेछ।

| क्र.स. | तालिमको नाम | सीप परिक्षण तह | जम्मा लाभग्राही | प्रति व्यक्ति तालिम लागत | कुल लागत | प्रथम किस्ता (५०%) | | अन्तिम किस्ता ५० प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २५% संचलन खर्च | २५% धरौटी | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

३. माथि बुँदा नं. १ को तालिकामा उल्लेख गरिए अनुसार दोश्रो पक्षले लागत प्रवन्ध गरी लाभग्राहीहरुलाई कार्यक्रमको अभिमुखिकरण, पेशा छनौटको लागि वृत्ति परामर्श सेवा, सीपको सैद्धान्तिक ज्ञानका लागि कक्षा सञ्चालन र आवश्यकता अनुसार सीप परिक्षण प्रक्रियामा सहजीकरण गर्नु पर्नेछ भने माथिको बुँदा नं.२ को तालिकामा उल्लेख गरिएको लागत सिमा भित्र रहेर कार्यविधिमा व्यवस्था गरिएको संयुक्त अनुगमन टोली मार्फत नतिजा सुनिश्चित गरी दोश्रो पक्षले लाभग्राहीहरुलाई किस्ता रकम भुक्तानी दिनु पर्नेछ । बुदा नं.२ अनुसारका लाभग्राहीहरुलाई किस्ता भुक्तानी गर्न आवश्यक पर्ने रकम भने दोश्रो पक्षले प्रथम पक्षसँग विभिन्न चरणहरुमा माग गर्नुपर्ने छ ।

४. दोश्रो पक्षले योग्य जनशक्तिको व्यवस्था गरी लाभग्राहीहरुलाई कार्यक्रम बारेको अभिमुखिकरण, वृत्ति परामर्श सेवा, सीप अनुसारको सैद्धान्तिक ज्ञान प्रदान र सीप परिक्षण प्रक्रियामा सहजीकरण गर्नुपर्नेछ ।

५. यस सम्झौता पश्चात प्रथम पक्षले प्रशिक्षार्थी छनौटको सार्वजनिक सूचना प्रकाशन गरी प्रतिष्पर्धा गराई प्रशिक्षार्थी छनौटको मापदण्ड बमोजिम प्रशिक्षार्थी छनौट गर्नुपर्नेछ ।

६. सिपमूलक रोजगारी कार्यक्रमको लागि लाग्ने कुल लागत रु …………… (यहाँ माथि बुँदा नं १ र २ को तालिकामा उल्लेखित सम्पूर्ण कार्यक्रमको कुल लागत लेख्ने) (अक्षरुपि ………………………) मध्ये प्रथम

मन्त्री

पक्षले बुदा नं २ को तालिकामा उल्लेख गरिएको कुल लागत रकम रु ................ (यहाँ माथि बुँदा नं २ को तालिकामा उल्लेखित सम्पूर्ण कार्यक्रमको कुल लागत लेख्ने) (अक्षरुपि ..........................) र दोश्रो पक्षले बुदा नं. १ को तालिकामा उल्लेख गरिएको कुल लागत रकम रु ................ (यहाँ माथि बुँदा नं १ को तालिकामा उल्लेखित सम्पूर्ण कार्यक्रमको कुल लागत लेख्ने) (अक्षरुपि ..........................) बेहोर्नु पर्नेछ ।

७. प्रथम पक्षले प्रारम्भिक नतिजा सदर गरेपछि कुल नतिजा मूल्यको ५०% अर्थात रु ............. (यहाँ माथि बुँदा नं २ को तालिकामा उल्लेखित सम्पूर्ण कार्यक्रमको कुल लागतको ५०% रकम लेख्ने) (अक्षरुपी ....................) पहिलो किस्ता, अन्तिम नतिजाको पहिलो सूचक अनुसारको नतिजा सदर गरेपछि कुल नतिजा मूल्यको २५% अर्थात रु ............ (यहाँ माथि बुँदा नं २ को तालिकामा उल्लेखित सम्पूर्ण कार्यक्रमको कुल लागतको २५% रकम लेख्ने) (अक्षरुपी .....................) दोश्रो किस्ता र अन्तिम नतिजाको दोश्रो सूचक अनुसारको नतिजा सदर गरेपछि कुल नतिजा मूल्यको २५% अर्थात रु ............ (यहाँ माथि बुँदा नं २ को तालिकामा उल्लेखित सम्पूर्ण कार्यक्रमको कुल लागतको २५% रकम लेख्ने) (अक्षरुपी .....................) तेश्रो अर्थात अन्तिम किस्ता रकम दोश्रो पक्षलाई भुक्तानी गर्नेछ ।

८. कार्यक्रमले सीप परिक्षणको लागि दरखास्त दिने लाभग्राहीको संख्यालाई प्रारम्भिक नतिजा, सीप परिक्षण उतिर्ण गर्ने लाभग्राहीको संख्यालाई अन्तिम नतिजाको पहिलो सूचक र ३ महिना अवधिमा न्यूनतम रु २५,९५० आम्दानी गर्ने लाभग्राहीको संख्यालाई अन्तिम नतिजाको दोश्रो सूचक मानेको हुनाले पहिलो पक्षले दोश्रो पक्षलाई र दोश्रो पक्षले लाभग्राहीहरुलाई गर्नुपर्ने सबै भुक्तानीहरु नतिजाको आधारमा मात्र गर्नुपर्ने छ ।

९. तालिम सञ्चालनको क्रममा कुनै समस्या आएको खण्डमा पहिलो र दोश्रो पक्षको आधिकारिक प्रतिनिधि बीच बैठक बसेर समाधान गरिनेछ। सहमतिमा समाधान हुन नसकेमा पहिलो पक्षले गरेको निर्णय नै अन्तिम हुनेछ ।

१०. दोश्रो पक्षले लाभग्राहीहरुबाट कुनै प्रकारको शुल्क लिन पाउने छैन।

११. कार्यक्रम सञ्चालनको विषयमा पहिलो पक्षले कुनै मौखिक वा लिखित रुपमा बुझ्न चाहेमा वा विवरण माग गरेमा दोश्रो पक्षले अविलम्ब उपलब्ध गराउनु पर्नेछ।

१२. दुवै पक्षको सहमतिमा पहिलो र दोश्रो पक्षबाट सहभागीता रहने गरी गठन गरिएको संयुक्त अनुगमन टोलीबाट कार्यक्रमको नियमित वा आकस्मिक अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्नेछ। अनुगमनबाट देखिएका कमि कमजोरी उल्लेख गरी कार्यक्रमको प्रभावकारीताको लागि दिइएका सुझावहरु अनिवार्य रुपमा दोश्रो पक्षले पालना गर्नु पर्नेछ।

१३. दोश्रो पक्षले लाभग्राहीहरुलाई प्रदान गरेको निस्सामा उल्लेख गरिएको पेसा वा विषयमा सैद्धान्तिक ज्ञान दिने व्यवस्था मिलाउनु पर्नेछ भने प्रत्येक लाभग्राहीहरुले आफूलाई पायक पर्ने तालिम केन्द्रहरु वा औद्योगिक फर्महरु वा वर्कसपहरुमा गई सम्बन्धीत पेसा वा विषयको प्रयोगात्मक र व्यवहारिक ज्ञान तथा सीप सिक्न उनीहरुलाई परामर्श सेवा प्रदान गर्नु पर्नेछ ।

१४. राष्ट्रिय सीप परिक्षण समितिले सीप परिक्षणको लागि दरखास्त आह्वान गरेको समयमा सीप परिक्षणको प्रक्रियामा सहभागी हुन लाभग्राहीहरुलाई सूचना गर्ने, दरखास्त दिन सहजीकरण गर्ने र राष्ट्रिय सीप परिक्षण समितिले तोके अनुसार सीप परिक्षणको शुल्क बुझाउने जस्ता कार्यहरुको व्यवस्थापन दोश्रो पक्षले गर्नु पर्नेछ ।

१५. दोश्रो पक्षले लाभग्राहीहरुलाई प्रदान गरेको निस्सामा उल्लेख भए बमोजिमको अवधिभित्र रोजगारी गरेको महिना पुगेपछि अन्तिम किस्ता भुक्तानीको माग गर्ने प्रत्येक लाभग्राहीहरुको आम्दानी र रोजगारीको गणना, रुजु र प्रमाणीकरण गर्ने कार्यमा संयुक्त अनुगमन टोलीलाई परिचालन गर्ने कार्य दोश्रो पक्षले गर्नुपर्ने छ भने संयुक्त